बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

मूल्य रु. १५/-

भिक्षु सुभद्र केही सातादेखि दिसा
पिसाबको अनियमितताबाट
पीडित हुनुभएकोले अस्वस्थ हुनुहुन्छ ।
यस कुराले हामीलाई
चिन्तित तुल्याएको छ ।
हामी उहाँको स्वास्थ्य लाभको लागि
प्रार्थना गर्दछौं ।

**कृष्ण बहादुर गुरुङ्ग**
सभापति
तथा
**विश्व शान्ति स्तूप समिति परिवार**
अनदू मिन थुम्की
पुम्दी भुम्दी, कास्की, पोखरा

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**Sep.: 2004**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ७, अङ्क १०, पूर्णाङ्क - ३४

भदौ - २०६१

**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द, फोन नं :- ५२०५१७

**व्यवस्थापक**

अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा वौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, वलराम लामा)

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा

**सहयोगीहरु**

याम कुमारी गुरुङ्ग, बलवहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक: तिलकमान गुभाजू
१४४ - नयाँ वजार, पोखरा - ८
फोन नं. :- ५२०२४६

**कम्प्युटर सेटिङ्ग**

प्रविन वज्राचार्य



# जहाँ हतियारको युद्ध हुन्छ, त्यहाँ अहिंसावादी बुद्धको स्मरण हुन्छ

देशमा केही वर्षदेखि हत्या, हिंसा र आतङ्का घटना बढ्दै गएका छन्। जति यस्ता घटना वढ्दै जान्छ, उति मानिसहरुले अहिंसा र शान्तिका अग्रदूत भगवान बुद्धलाई संझन थाल्दछन्। कवि कलाकारले आफ्ना कविता र कलाको माध्यमवाट मात्र शान्तिका दूतको चित्रण गरेका होइनन्, दिदी बहिनीहरुले तीजको गीतबाट समेत बुद्धलाई स्मरण गरेका छन्। दुइथरी बन्दूकधारीहरुको चेपुवामा परि निसासिएका, शोषित र पीडित भएका दिदी बहिनीहरुले मार्मिक किसिमले "वोलाऔं अव गौतम बुद्धलाई........ भनी पुकारेका छन्।

त्यो पुकार दिदी बहिनी को मात्र होइन, शान्ति चाहने सबैको हो। यसले शान्ति प्रतिको हाम्रो चाहनालाई प्रतिविम्बित गरेको छ। बन्दूकको जवाफ वन्दूकले दिदै आएका तथा गोलाबारुदको खेलमा अभ्यस्त भएकालाई यसले तत्काल प्रभाव नपार्न सक्छ, तर ढिलो या चाँडो वन्दूक समात्नेहरुको हात थाक्ने छ र गोला वारुदको भण्डार पनि रित्तिदै जानेछ किनभने हत्या, हिंसा, आतङ्क मानवीय स्वभाव होइन।

मानवीय स्वभावको विपरित काम शाश्वत हुँदैन, सँधैको लागि हुँदैन। नाटक र अभिनय केही समयलाई गर्न सकिन्छ। तर सँधै गर्न सकिदैन। हत्या र हिंसाको काम आफूले गर्दा केही मान्छेलाई खुशी र सन्तोष लाग्न सक्छ। तर अरुले त्यस्तै अनुभव आफूमाथि गर्दा कस्तो होला, त्यतातिर पनि सोच्नु पर्दछ। विवेक सम्मत किसिमले सोच्नु पर्दछ। आक्रमण गर्दा प्रत्याक्रमण हुन्छ र प्रत्याक्रमण झन ठूलो हुन सक्छ। यो संसारमा कसैले पनि आफूमात्र वलियो र शक्तिशाली भएको घमण्ड गर्नु हुँदैन। शक्तिको घमण्ड एकदिन चकनाचुर हुन्छ।

त्यसैले भगवान वुद्धले कहिल्यै कुनै हात हतियार लिएर आफ्नो शक्ति प्रदर्शन गरेनन्। तर कुनैबेला कसैबाट पनि पराजित भएनन्। उनले जीन्दगीको सवै क्षेत्र र सवै पक्षमा विजय प्राप्त गरेर विजयी भएर रहे। त्यसैले आजभोली जहाँ हतियारको युद्ध हुन्छ, त्यहाँ अहिंसावादी बुद्धको स्मरण हुन्छ। वुद्धिजीवी कलाकार चित्रकार देखि तीजगीतमा समेत बुद्धलाई जे-जसरी पुकार्दै छन्, त्यो सम- सामयिक एवं महत्वपूर्ण छ।

तर एउटा स्मरणीय कुरा के छ भने वुद्धलाई त्यसरी पुकार्ने मात्र होइन, हामीले उनको शिक्षा दीक्षालाई अंगाल्नु पर्दछ। शील सदाचारको पालना गर्नु पर्दछ र अरुसँग करुणा र मैत्री राख्नु पर्दछ र सह-अस्तित्वको भाव वृद्धि गर्नु पर्दछ।

# धर्मश्रृंग, विपस्सना र मेरो अनुभव

- भिक्षु सुशील

केही दिन यता जीवनले नौलो सन्देशको अनुभव गर्न पाएको छ। मनको कन्ट्याक्ट फिल्ड जति फरक छ त्यति-त्यति नै जीवनमा अँध्यारो पक्ष कम हुँदै जाने अनुभूति गर्न दिएको छ मैले गरेको अनुभवले। कुनै एक उद्देश्यमा मनलाई संकेन्द्रित तुल्याइ राख्न सक्दा कन्ट्याक्ट फिल्डको आयतन अचम्म लाग्ने गरी फराक हुने अनुभव गराएको छ। कन्ट्याक्ट फिल्ड अर्थात स्पर्श क्षेत्र, यसलाई सुरक्षा घेराको रुपमा लिन सकिन्छ अथवा उद्देश्य पूर्ति गरिदिने साधनको रुपमा पनि लिन सकिन्छ। संचारको क्षेत्रमा यसलाई सम्प्रेशन माध्यमको रुपमा प्रयोग गरिएको छ वैयक्तिकताको दृष्टिले सुरक्षा घेरा भन्नु उपयुक्त हुनेछ। कन्ट्याक्ट फिल्ड फराकिलो पार्ने चाहनाले नै नौलो-नौलो उपाय अपनाउने हुन् मानिसहरु। आफ्नो भविष्य सुरक्षित पार्ने मनशायले पनि यसलाई फराकिलो पार्ने प्रयास गर्छ मानिस। जसले जुन अर्थमा यसलाई प्रयोग गरेपनि मानिसको जीवनमा यसको गम्भीर भूमिका हुन्छ। गत केही समय यति अनौठो रुपमा विते, त्यसलाई सम्झदै आज आफ्नो सामु उभ्याउने प्रयत्न गर्दा जीवनको विचित्रता चलचित्र झैं द्रूत गतिमा बद्लिरहेको अनुभव गराइरहे। जीवन एउटा मञ्च हो, यहाँ पदार्पण गर्ने सबैले आफ्नो समयमा आ-आफ्नो भूमिका अनुरुपको अभिनय गर्नु पर्छ। अभिनय गर्न यदि समर्थ छैन भने नक्कलै भएपनि गर्नु पर्छ, सानो हुँदा पढेको थिएँ। कोहि कसैले गृहस्थी जीवन विताइरहेको भएपनि त्यागी जीवनको अभिनय वा नक्कल गर्छ। कोही कसैले त्यागीको जीवन विताइरहेको नै किन नहोस् गृहस्थी व्यवहार गरिरहेको हुन्छ। कसले कति सन्तुलित अथवा असन्तुलित अभिनय-नक्कल गर्न सके उसको कन्ट्याक्ट फिल्ड पनि त्यति-त्यति कै मात्रामा फराकिलो हुँदो रहेछ।

भगवान बुद्धको वचनको रुपमा लिइदै आएको मैत्री, सूत्रमा एक वाक्य छ -"अप्पकिच्चो च सल्लहुक वुत्ति" अर्थात अल्प कार्यमा मात्र संलग्न हुनु- आफुले सक्दो जिम्मेवारी मात्र ग्रहण गर्नु, सरल जीवन विताउनु। यस वाक्यले कन्ट्याक्ट फिल्डलाई नै बुझाउन खोजेको हुनुपर्दछ। पहिले त्यति ध्यान नगएको यो वाक्य आज झल्झल्ति सम्झनामा आइरहेछ - वैशाख पूर्णिमा नजिक आइपुग्दा। अरुवेला भिक्षुहरुको भूमिका नदेख्नेहरु पनि वैशाख पूर्णिमा नजिकिंदा भूमिका देख्ने गर्छन्। वैशाख पूर्णिमालाई आजकल आ-आफ्नो कन्ट्याक्ट फिल्ड फराकिलो पार्ने साधनको रुपमा ग्रहण गरिआएका छन् कोहि कसैले। कोहि कसैका लागि उत्सवको रुपमा मनाउने अवसर पनि भैरहेका छन्। उत्सवको रुप दिने विषय होइन धर्म, यसो भएतापनि आफ्नो कन्ट्याक्ट फिल्ड बलियो पार्न यसलाई उत्सवमा परिणत गरि रहेका छन् केही मानिस। आफ्नो मनको कमजोरी ठम्याउन सचेत हुन नचाहनेहरुले धर्मलाई उत्सवको रुपमा सकार्नु अनौठो कुरा होइन। उत्सवले वर्ष दिनभरीका पीडालाई एक दिनको मनोरञ्जनमा अल्मल्याइ बिर्सन सिकाउँछ, धर्मले आफूले अनुभव गरिरहेको पीडाको जरासम्म पहिल्याई त्यसलाई उखेल्न भन्छ।

साँचो अर्थमा भन्ने हो भने धर्म एउटा साधन हो मनको अराजक स्वभावलाई अनुशासित तुल्याइ उद्देश्य तर्फ केन्द्रित हुन सिकाउने। यसैले धर्म भनेको जीवनलाई व्यवस्थित तुल्याउने कला पनि हो। यस कार्य सिद्धिका लागि ध्यान-भावनारुपी हतियार तिखार्न

पर्ने हुन्छ । मनको अराजक स्वभावसँग अपरिचित कर्मै मात्र हुनेछ । यसको अराजक स्वभावले गर्दा नै अव्यवस्थित अवस्थामा अल्भिरहने हो जीवन र जीवनलाई व्यवस्थित तुल्याउन नजानिंदा बाह्य प्रभावले सजिलै गाँज्ने हो । यो सत्य भएतापनि बाह्य प्रभावबाट मुक्त भै जीवन विताउनु त्यति सजिलो छैन जति भन्न सजिलो छ । मनको अराजक स्वभावलाई अनुशासित तुल्याउन सकिंदा कस्तो सकारात्मकपरिणामको अनुभव गर्न पाइने हो यसको प्रत्यक्ष अनुभव ध्यान-भावनाको अभ्यासीले जीवनमा गरि रहेको हुन्छ । यस्तै व्याख्या वर्णन सुनेर नै सर्वसाधारण ध्यान-भावना तर्फ आकर्षित हुने हो, भैरहेका पनि हुन्छन् ।

काठमाण्डौ जिल्लाको उत्तर दिशा तर्फ एक स्थान छ, यसलाई बुढानिलकण्ठ भन्दछ । "निलकण्ठ" एउटा विशेषण हो र यो विशेषण शिवजीलाई उहाँका भक्तजनहरुले दिएका हुन् । कालकूट विष सेवन गरि देखाएको पुरुषार्थको कारण । यो एक प्रतिकात्मक शब्द हो पुरुषार्थको । पौरख गर्नेले विषपान गरे भैं कष्ट साध्य प्रयास गर्नुपर्छ भन्ने सन्देश यसले दिन्छ । यहाँको वातावरण शान्त एवं रमणीय छ । शहरको भीडले उत्सर्जित प्रदुषणयुक्त वातावरणबाट टाढाको यो स्थानमा एक ध्यानकेन्द्र छ । सो स्थानमा गएको फागुण महिनाका एघार दिन विताएको थिएँ- ध्यान अभ्यास गर्ने कार्यमा । हुनत ध्यानको सैद्धान्तिक अध्ययन मात्र नभै व्यावहारिक प्रयोगै पनि दिनहुँ गर्दै आइरहेको हुँ, केही वर्ष अघिदेखि । यसो भएतापनि ध्यान अभ्यासका लागि उचित आधार भित्र पर्ने अनुकूल स्थान भेट्टाउन सकिरहेको थिएन । खोजि कार्यमा संलग्न वैज्ञानिकले आफ्नो प्रयोग अनुसन्धान अनूकुल प्रयोगशाला भित्र गर्ने गरे भैं ध्यान कार्य गर्नका लागि पनि अनुकूल वातावरण र उचित स्थानको महत्वपूर्ण भूमिका हुने कुरामा म शंका रहित छु । त्यसैले नेपाल अधिराज्य भित्रका विभिन्न जिल्लाहरु चहार्दै अनुकूल स्थानको खोजीमा जहाँ जहाँ थेरवादी विहारहरु छन् ती ती स्थानमा पुग्ने गरि आएको हुँ । तर अपशोचको कुरा आजसम्म फेला पार्न सकिरहेको छैन । समय आइनपुगेकोले हो वा अन्य के ले होला । यसलाई म आफ्नो कन्ट्याक्ट फिल्ड साँघुरो भएको संकेतको रुपमा लिन्छु । यसै क्रममा पोखराको धर्मशीला वुद्ध विहार मा लामो समयदेखि बस्दै आउनु भएका अग्रज ( आयुष्मान) भिक्षु श्रद्धानन्दज्यूले एकदिन प्रस्ताव अघि सार्नु भयो - धर्मश्रृंग विपस्सना केन्द्रमा यस वर्षदेखि भिक्षु -अनागारिकाहरुका लागि वर्षको दुई शिविर संचालन हुँदैछ, त्यसमा तिमी पनि सहभागी हुने होइन ? मेरो निमित्त त्यो प्रस्ताव वहुमूल्य वचन भैं भए ।

दश दिनको त्यो शिविर यति चाँडै सके, दश दिन दश घण्टा मै सके भैं लाग्यो । त्यो दश दिन भित्र गरेको प्रयोगले आफू भित्रको इनर्जी फिल्डमा अचम्मको सक्रियता अनुभव गरायो । त्यसलाई शब्दको माध्यमबाट कसरी प्रकट गरुँ ? आफूले गरेको अनुभव सबैलाई शब्दको माध्यमबाट व्यक्त गर्ने सामर्थ्य मानिसमा नहुने सत्यको पनि अनुभव भयो । ३२ वटा अक्षर र त्योसँग मात्राहरुलाई जोडेर रचना गर्ने शब्दले प्रत्येक क्षण नौलो अनुभव गरिरहने मनको स्वभावलाई व्यक्त गरी बुझाउने जिम्मा लिइरहेको भएतापनि मनका सबै भावको प्रतिनिधित्व गर्न त्यो समर्थ छैन । प्रकृतिको स्वभावै हो, कुनै पनि आफैमा पूर्ण नहुनु । यसो भएर हुनु पर्दछ शब्दसँग सामर्थ्य भएपनि मनका भावहरु सामु त्यो अपूर्ण हुने । यसलाई ध्यान -भावनाको अभ्यासमा संलग्न व्यक्तिले महशुस गर्नेछ-अवश्य गर्नेछ ।

संसारभर एक सय बाइस केन्द्रमा छरिएको एक संस्थाको एउटा अंग हो बुढानिलकण्ठस्थित धर्मश्रृंग विपस्सना केन्द्र । विपस्सना ध्यान यस्तो माध्यम हो,

यसले मन भित्र क्रियाशील इनर्जि र आफ्नो कन्ट्याक्ट फिल्डको यथार्थ अनुभव गराइदिने छ । यसको विशेषता नै हो कि मानिसको मन भित्र -चेतनाको कुनै एक कुनामा टाक्सिएर रहेको अहं वा "म" को अभिमानलाई विघटन गरिदिने "म" वा अहं वा आफू केलाई भन्ने ? प्रश्न उत्थान गरिदिएको अनुभव गर्नेछ विपस्सनाको साधना गर्नेले । तर यसो भन्दैमा विपस्सनाका सबै साधकमा अहं भाव रहेकै हुँदैन, ऊ निर्मल व्यक्ति हुनेछ भन्नु उपयुक्त हुनेछैन । अहंभाव मानव कमजोरी हो र विपस्सनाका साधक पनि मानव हुनुकै कारण त्यसका कमजोरी सबै तत्कालै निखिसकेको नहुन पनि सक्छ । बुझ्नु पर्ने कुरा वैयक्तिक चरित्रको कमजोरी नभै त्यसले दिएको सन्देश हो ।

दश दिनसम्म बोल्दै नबोलिकन मौन बसेको मैले अनुभव गरें तथागत बुद्धले किन आर्यमौन हुन जोड दिनुभएको रहेछ । मौनबाट पनि एक प्रकारको इनर्जी उत्पादन हुँदो रहेछ, मैले अनुभव गरें । सामान्य अर्थमा भन्दा बोलि माथि ताला लगाउनु हो -मौन । आर्यमौन यतिमा मात्र सीमित हुँदैन । मनभित्र हुँदै गर्ने मनोवाद (बुद्धधर्म अनुसार वितर्क) लाई समेत विराम दिएर एक दर्शकले झैं मनका -शरीरका प्रत्येक गतिविधिको अवलोकन गरिरहेको अवस्था बुझाउने शब्द हो -आर्यमौन । यहाँ अवलोकन गर्नुको अर्थ हुनेछ, अनुभव गरिरहनु तर प्रतिक्रिया नदिनु । दिन रात केही न केही आन्तरिक-वाह्य घटनामा संलग्न हुँदै प्रतिक्रिया दिइरहने मनको स्वभावलाई अनुशासित -व्यवस्थित तुल्याउनु सरल कार्य होइन । कठीन कार्य भएर नै यसलाई मौनबाट प्राप्त हुने इनर्जीको आवश्यकता हुने हो ।

विपस्सना के हो ? यसको जवाफमा अतितका आचार्यहरुले भनेका थिए- सखारे अनिच्चतो दुक्खतो अनत्ततो विपस्सति इति विपस्सना अर्थात जति न उत्पन्न भै गतिशील भएर बिलाउने स्वभाव (द्वन्दवाद अनुसार दिक-काल) संस्कार (संखार) छन् ती सबै दुःख हुन् । तसर्थ कुनै यस्तो स्वभाव छैन जसलाई आत्म (म, आफू) भन्न सुहाउँछ । यसलाई प्रत्यक्ष: अनुभव गरिरहेको क्षमताको अर्थमा हो विपस्सना । "पस्सना" ले अवलोकन गरिरहेको, अनुभव गरिरहेको, बुझिरहेको अर्थ दिन्छ भने यसलाई अझ जोड दिई अलिकति पनि यता-उता पार्न नदिई गम्भीरतापूर्वक अनुभव गरिरहेको अर्थ दिने शब्द हो - विपस्सना । यति संवेदनशीलताले पूर्ण भएर कि शब्दले वर्णन गर्ने समय भन्दा पनि धेरै धेरै गतिशील हुँदै मनले अनुभव गर्नु तर प्रतिक्रिया केही पनि नदिनु । कति कठिन होला यो कार्य ? कठिनतापूर्वक गर्नुपर्ने कार्य भएर नै मौन मार्फत उत्पादन हुने इनर्जीको सहायता चाहिने हो सोहि कारण तथागत बुद्धले मौन मात्र नभन्नुभै आर्यमौन रहन भन्नु भएको हो ।

एउटा शान्त तलाउमा ढुङ्गा माटोले हिर्काउँदा तलाउको शान्त वातावरण भंग हुनेछ । मानिसको जीवनलाई पनि प्रत्येक वाह्य-आन्तरीक घटनाले प्रभावित तुल्याइरहेको हुन्छ । यस्ता क्रियाको गाम्भीर्यता महशूस गर्दै आन्तरीक शान्ति खल्बलिन नदिन विपस्सनाका साधक प्रयास गरिरहेको हुन्छ । तलाउको गर्भले कसिंगरलाई आफूभित्र स्थान दिएरै पनि वाह्य सौन्दर्यको अनुभव गराइरहेको हुन्छ, मौनको वास्तविक अवस्थामा पुग्न नसके कै भएपनि सामान्य अवस्थामा मानिस शान्त हुन्छ । कसिंगर सतहमा उत्रदा तलाउको सौन्दर्य धमिल्याए झैं असामान्य अवस्थाले मनलाई प्रभावित तुल्याउन खोज्दा सचेत बन्दै त्योबाट बच्ने प्रयास विपस्सनाका साधकले गरिरहेको हुन्छ । विपस्सना, एक असाधारण हतियार हो मनको र यो मनको आयतन बढाउने साधन पनि हो । यस्तो अनुभव गर्ने अवसर उपलब्ध गराउनु हुने भिक्षु श्रद्धानन्द र धर्मश्रृंग विपस्सना केन्द्रप्रति म हृदयदेखि आभारी छु ।

# धार्मिक दृष्टिकोणले पारिवारीक जीवनको विश्लेषण

- सुश्री सविता 'धाख्वा' शाक्य
नागबहाल, ललितपुर

## परिचय

परिवार एक सामाजिक संगठन मान्न सकिन्छ । चाहे सभ्य समाज होस् वा असभ्य समाज होस् त्यहाँ पारिवारीक संगठन भइरहेका हुन्छन् । तर पारिवारीक संगठनका स्वरुप विभिन्न हुन सक्छन्, जस्तै केन्द्रीय परिवार (Nuclear Family) जहाँ श्रीमान्, श्रीमती र छोरा छोरी हुन्छ । त्यस्तै संयुक्त परिवार (Joint Family) जहाँ आमा, बुवा, विवाहित छोरा, छोरी संयुक्त रुपमा वसेका हुन्छन्, जहाँ सम्पत्तिको स्वाभित्व साझा हुन्छ । परिवार समाजको एक प्रारम्भिक समूह वा इकाइ हो । यहि परिवार परिवार मिलेर समाज वन्छ ।

## पारिवारका आधार भावनात्मक सम्बन्ध

पारिवारीक विशेषता मध्ये एक महत्वपूर्ण विशेषता यसका सदस्यहरु वीच भावनात्मक सम्वन्ध हो । परिवारको सम्वन्ध रगत र मासुको नाता मात्र होइन । आदर्श परिवारमा यसका सदस्यहरुको वीच आपसी प्रेम, दया, माया, स्नेह, सहानुभूतिको आधारमा परिवार निर्माण भइरहेको हुन्छ । यी भावनात्मक सम्वन्धमा केही गडवड भयो भने परिवाररुपी रथ राम्रो संग गुड्नमा वाधा आउँछ ।

## परिवार व्यक्तिका प्रथम पाठशाला

एक वालकको परिवारमा जन्म हुन्छ । जन्म हुनासाथ उ आमाको सम्पर्कमा आउँछ अनि परिवारका अन्य सदस्यहरुको सम्पर्कमा आउँछ । जहाँ त्यो वच्चाले माया स्नेह पाउँछ । परिवारमा वसेर राम्रो, नराम्रो व्यवहारहरु सिक्दै जान्छ । परिवारको सहयोगमा बच्चाले आफ्नो व्यक्तित्व वृद्धि र विकास गर्दै लग्छ । एउटा बच्चा परिवारमा जुन वातावरणमा हुर्किन्छ, त्यहि अनुसार व्यक्तित्व निर्माण गर्दै लग्छ । वच्चा भनेको नरम खालको माटो समान हुन् जुन माटो जसरी एउटा कुमालले आफ्नो इच्छा अनुसार नरम माटो लाई आकार प्रकार दिन्छ जस्तैः करुवा, सुराई गमला आदि । यसरी नै एउटा वच्चा भविष्यमा के बन्छ भन्ने कुरा उसलाई कसरी परिवारमा हुर्काइन्छ त्यसमा भर पर्दछ । तसर्थ असल आचरणको विकास गर्न वच्चालाई सानै देखि उचित वातावरण बनाइदिनु पर्दछ । यसरी एउटा वच्चाले व्यक्तित्व निर्माण गर्ने, बानी व्यहोरा, दृष्टिकोण निर्माण गर्ने प्रथम पाठशाला परिवार हो जहाँ प्रथम गुरु आमा हो, अनि बुवा हो त्यसपछि परिवारका अन्य सदस्यहरु ।

## परिवार नजिकको मित्र

साँच्चै भनौं भने नजीकको मित्र भनेको परिवार हो । अचानक केहि भय वा समस्या आयो भने आफ्नो साथीभाईहरु भाग्न सक्छ तर आमा वुवा, श्रीमान् श्रीमती, छोरा छोरी भाग्न सक्दैन किनकी पारिवारिक सम्वन्ध भनेको रगत मासुको सम्वन्ध, अनि भावनात्मक सम्वन्ध भएको हुन्छ । तर दुर्भाग्यवश परिवारमा एक आपसमा मैत्री, करुणाको सट्टा द्वेश, ईर्ष्या जस्ता व्यवहारले प्रसय पायो भने परिवारको आपसी सम्वन्धको वीच ठूलो पर्खाल वन्न सक्छ ।

## छोरा छोरी र आमा बुवाको सम्बन्ध

आदर्श परिवारमा आमा वुवा र छोरा छोरीको सम्वन्ध सुमधुर हुनु आवश्यक छ। आजभोली रेडियो, टिभी, भिडियो आदि संचार माध्यमवाट पाश्चात्य संस्कृतिका केहि प्रभाव हामीमा परेको छ । जसको नराम्रो प्रभाव स्वरुप परिवारको मूल्य र मान्यतामा ह्रास आइरहेको छ । आमा वुवाको गुणलाई गुणको रुपमा सम्भदैन । जन्म दिएपछि कर्तव्य पूरा नगरेर सुख हुन्छ ? भनी छोराछोरीले ठान्छन् । आमावुवा प्रति आज्ञाकारी हुनु सट्टा गाली गर्छन् । पैतृक सम्पत्तिको कारणले आमावुवालाई यातना भोग्नु परेको उदाहरण हाम्रो समाजमा धेरै पाइन्छन् । आजकल बच्चाहरु आमावुवाले बानी सुधार्न गाली गरेमा बाल अधिकार हनन भएको ठान्छन् ।

आजकलका आमाबुवाहरुले बच्चाहरुलाई शिक्षामा धेरै लगानी गरेको पाइन्छ। यो राम्रो मान्नु पर्छ। परन्तु वच्चाहरुलाई सानै देखी असल चरित्रको विकास गर्नमा भने जोड दिएका हुदैनन् । आफ्ना छोरा छोरीहरु भविष्यमा आफ्नो भरसाका पात्र हुन्, वुढावुढी हुँदा उनीहरु लौरो हुन् । यदि उचित रुपले वच्चाहरुलाई हुर्काइएन भने आफ्नै सन्तान देखि डराउनु पर्ने स्थिति आउँछ। आजकलको विद्यालयको शिक्षाले हामीलाई दुइवटा आँखा दिन्छ तर ज्ञानरुपी आँखा आजको शिक्षा प्रणालीले दिन सकेको छैन। तसर्थ आमाबुवाले आफ्नो छोराछोरीलाई ज्ञान रुपी आँखा दिन सक्ने किसिमले हुर्काउनु पर्दछ जसले गर्दा आउँदा दिनहरुमा बच्चाहरु कुलतमा फस्न नपाउन् ।

## परिवारको सुख शान्तिका लागि परिवारका सदस्यहरुको कर्तव्याकर्तव्य

परिवारमा एकजना पुरुष, आमाबुवाको छोरा हुनसक्छ, श्रीमतिको श्रीमान, छोराछोरीको वुवा हुन सक्छ । त्यसरी नै एक महिला आमा वुवाको छोरी, सासु ससुराको बुहारी, वच्चाको आमा र दिदी, बहिनी हुन सक्छ । यसरी एक व्यक्तिले परिवारमा विभिन्न भूमिका खेल्नुपर्ने हुन्छ (One Person, different Roles) । परिवारमा विभिन्न किसिमले भूमिका निभाउन सकेन भने एक आपसमा माया दयाको भावनामा कमी आउँछ । अशान्तिरुपी बादल कडा र घना हुँदै घनघोर वर्षा वर्षिन्छ अनि परिवार छिन्न भिन्न हुन्छ । श्रीमान श्रीमती सँगै बसेर पनि १००० किलो मिटरको दूरीमा हुन्छन्, स्नेह दया मायाको आभाष हुँदैन । एक आपसको कर्तव्य पुऱ्याउन नसक्दा छोरा छोरी र आमा वुवाको बीच ठूलो पर्खाल बन्न सक्छ। यस्तो परिवारमा सुखशान्तिको आभाष सम्म पनि हुँदैन जहाँ परिवारका सदस्यहरुले बढी समय विताउनु पर्ने हुन्छ ।

परिवारका सदस्यहरुले एक आपसमा कर्तव्य पालना गरी गृहस्थी जीवन सुखमय बनाउन सक्दछ भनी भगवान वुद्धले गृह विनयमा उपदेश दिनु भएको छ। जस्तै आफ्नो श्रीमतीप्रति श्रीमानले गर्नुपर्ने कर्तव्यः सम्मानपूर्वक व्यवहार गर्ने, अपमान नगर्ने, आफ्नो स्त्री हुँदा हुँदै बहु बिवाह नगर्ने अर्थात पत्नीव्रता धर्म पालन गर्ने, आफ्नो सामर्थ्य अनुसार लुगाफाटा गर गहना दिने आदि ।

त्यसरी नै एक महिलाले आफ्नो पुरुष प्रति उचीत व्यवहार गर्ने, पर पुरुष गमन नगर्ने (पतिव्रता धर्म पालन गर्ने), आफ्नो श्रीमानले आर्जन गरेको धन सम्पत्ति सुरक्षा गर्ने आदि । यस प्रकार महिला पुरुषवीच कर्तव्य पालन एक आपसमा भइरहेको छ भने एक आपसमा भै भगडा कलहको सट्टा स्नेह, दया माया भइरहन्छ ।

यस्तै गृह विनयमा छोराछोरी प्रति आमाबुवाको कर्तव्य र आमाबुवा प्रति छोराछोरीको कर्तव्य उल्लेख गरिएको छ। गृह विनयमा उल्लेखित

कर्तव्यहरु पूरा गरेको खण्डमा परिवारमा कहिले फुट हुन पाउदैन, एकता भई रमाइलो वातावर णमा परिवार अगाडी बढ्न सक्छ ।

## धन सम्पत्ति र पारिवारीक जीवन

पारिवारीक जीवनमा धन सम्पत्ति हुनु अति आवश्यक छ । धन सम्पत्ति भएन भने हेला गर्छन् । गृहस्थी जीवनमा धन सम्पत्ति भएर पनि राम्रो सदुपयोग गर्न सकेन भने दुःख नै हुन्छ । गृह विनयमा भनिएको छ-धन सम्पत्ति आर्जन नैतिकपूर्वक कमाउनु पर्दछ र कमाइएका धन सम्पत्ति सदुपयोग गर्नु पर्दछ अर्थात निम्न कार्यमा खर्च गरेमा धन सम्पति विनाश हुन सक्छन् र गृहस्थी जीवन दुःखको भूमरीमा पर्न सक्छन् :

जस्तैः नशालु पदार्थ सेवन, जुवा खेल्ने, व्यभिचारी हुने, खराव मान्छे सँगको आचरण र अल्सी हुने आदि । आफूले कमाएको धन सम्पत्ति यस्तो क्षेत्रमा खर्च गरेमा पारिवारीक सुख शान्तिको सट्टा दुःखदायी बन्न पुग्छ ।

## परिवारको सुखशान्तिमा घरमूलीको भूमिका

पारिवारीक सुखशान्ति, मेलमिलापमा घर मूलि (चाहे महिला होस् वा चाहे पुरुष होस्) को ठूलो हात हुन्छ । घरमूलीले परिवारमा राम्रो नेतृत्व दिन सक्यो भने परिवारमा जस्तोसुकै वाधा अड्चन आएता पनि सजिलै समाधान गरी परिवारलाई इज्जत, प्रतिष्ठापूर्वक अगाडी बढाउंछ । घरमूली ठीक भएन भने आफ्नो परि वार सम्हाल्न सक्दैन अनि परिवारलाई डुबाउन सक्दछ । त्यसैले घरमूली सँग सामाजिक नेताको जस्तो निम्न गुण हुनु पर्दछ भनी भगवान बुद्धले भन्नु भएको छ जस्तैः परिश्रमी हुनु, सहनशीलको गुण हुनु, घरका हरेक कृयाकलापमा आफू संवेदनशील हुनु, मैत्रीपूर्ण व्यवहार, ठीक वेठीक छुट्याउन सक्ने हुनु, दूरदर्शिता हुनु आदि ।

यी गुणहरु घरमूलीमा विद्यमान भएमा जस्तोसुकै बाधा अड्चन आइपरेता पनि यसलाई समाधान गर्दै इज्जत प्रतिष्ठापूर्वक परिवाररुपी रथलाई निरन्तर उन्नति तर्फ अगाडी बढाउन सक्दछ ।

## निष्कर्ष

विशेष गरी आजकलका युवापिंढीहरु झन झन व्यक्तिवादी वा स्वार्थी बन्दै गएको छ । सामूहिक भावनामा ह्रास आएको छ । आफ्नो सुख शान्तिका लागि परिवारका अन्य सदस्यहरुलाई दुःख दिन तयार हुन्छन् । व्यक्तिवादि, स्वार्थी व्यक्तिहरुले कुन कुन कुरा नैतिक कुन अनैतिक छुट्याउन सक्दैनन् । जसको नराम्रो प्रभाव परिवार, समाजमा परेको हुन्छ । स्वार्थी भावनाले गर्दा श्रीमान श्रीमती वीच, छोरा छोरी वीच, दाजु भाई वीचको सम्बन्धमा ठूलो पर्खाल बनेका हुन्छन् । एउटै परिवारमा नजीक बसेतापनि भावनात्मक सम्बन्धमा दूरी हुन्छन् ।

परिवार एक सामाजिक समूह हो । त्यसैले त्यहाँ सामूहिक भावनालाई बढी प्रशय दिनु पर्दछ । आफ्नो व्यक्तिगत स्वार्थ भन्दा परिवारको मूल्यलाई महत्व दिनु पर्छ । यसका लागि परिवार का सदस्यहरु वरावर भेटघाट गर्ने, आपसी बिचार आदान प्रदान गर्ने, एकले अर्कालाई मैत्रीपूर्ण व्यवहार गर्ने, एक आपसमा स्नेह, दयामायाको भावना वृद्धि गर्न सक्यो भने पारिवारीक जीवन सुखमय हुन्छ । यस्तो सामूहिक भावनालाई बढावा दिन सके परिवारमा शान्ति आउँछ अनि परिवार परिवार मिली बनेको समाजमा शान्तिको सृजना गर्न मद्दत मिल्दछ ।

> म मोक्षदाता होइन, म त मार्ग प्रदर्शक मात्र हुँ ।
>
> – बुद्ध

# बुद्धको भनाई र गराई: छोटो चर्चा

- मदन रत्न मानन्धर

नेपालका महामानव भगवान बुद्धको जीवनी अध्ययन गर्दा उहाँको भनाई र गराईमा पाइने तादात्म्यता अत्यन्तै प्रशंसनीय, मननीय र ग्रहणीय पाउँछौं ।

जवसम्म उहाँले वुद्धत्व प्राप्त गर्नु भएको थिएन तवसम्म आफूलाई वुद्ध हुँ भनी कहिल्यै भन्नु भएन । त्यतिवेलाका महान कहलिएका विद्वानहरुकहाँ विभिन्न विद्या अध्ययन गर्दा पनि आफूले चिताए जस्तो ज्ञान प्राप्त नहुँदा देखि स्वयंवाट ज्ञानको खोजीमा आफूलाई समर्पित गरि वुद्धत्व प्राप्त गर्दासम्म करिव ६ वर्ष (५ वर्ष ९ महिना) व्यतित भइसकेको थियो । यसै क्रममा आफ्नै देशका पाँचजना ब्राम्हण कुमार हरु उहाँवाट "अनुपम र उच्चतम" ज्ञान प्राप्त हुनासाथ आफूले पनि त्यो ज्ञान आत्मसात गर्न उहाँको सेवा सुश्रुषमा समर्पित थिए । सिद्धार्थले अन्न, जल पूर्ण त्याग गरि दुष्कर तपस्या गर्दा पनि वाञ्छित ज्ञान प्राप्त नभएकोले पुन: अन्न, जल ग्रहण गरेको देखि ती ब्राम्हण कुमारहरु "सिद्धार्थ पथभ्रष्ट भए, अव ज्ञान प्राप्तिको आशा छैन" भनी हतोत्साहित भई उहाँलाई एक्लै छोडी अन्यत्रै लागेका थिए । तर पनि उहाँमा कुनै द्वेष, पश्चाताप र आक्रोश थिएन न कि साथीहरु हतोत्साही भएको देखी झुठा आश्वासन नै दिनुभयो । अन्तत: निरन्तर र अथक परिश्रम र प्रयासवाट "वुद्धत्व" को ज्ञान प्राप्त गर्नु नै भयो र आफूलाई "वुद्ध" भनी घोषणा गर्नु भयो ।

"वुद्धत्व" प्राप्तिदेखि "महापरिनिर्वाण" हुनु केहि क्षण अघिसम्म गरि करिब ४५ वर्ष (४४ वर्ष ९ महिना) सम्म उहाँले आफ्नै अनुभव, अनुभूति र अभ्यासवाट सिकेका, जानेका र निखारिएका ज्ञान, शिक्षा र उपदेश मात्र दिनु भयो । उहाँबाट प्रदत्त कुनै पनि शिक्षा वा उपदेशमा कहिं कतै लेस मात्र पनि अव्यावहारिकता, कृत्रिमता र अतिरञ्जना पाइदैन । त्यसैले होला, संसारका महान दार्शनिकहरु, विद्वान पण्डितहरु, वैज्ञानिकहरु विभिन्न धर्मगुरुहरु र यहाँसम्म कि उहाँको घोर बिरोध गर्ने बिरोधीहरु पनि उहाँका प्रशंसक नै रहे ।

"सव्वे भायन्ति मच्चुनो" अर्थात मृत्यु देखि सवै डराउँदछन् । तसर्थ कसैले पनि कसैको घात (हिंसा) नगरोस् भनी उहाँ भन्नुहुन्छ । उहाँले कहिल्यै प्राणी हिंसा गर्नु भएन, बल्कि मृत्योन्मुख कतिपय प्राणीहरुलाई मर्नबाट वचाउनु भयो । बाल्यावस्थामा देवदत्तको वाण प्रहारवाट घाइते हाँसलाई औषधिमूलो गरि वचाउनु भयो । यज्ञशालामा बलि दिन तयार गरेका सयौं पशुपंक्षिलाई जीवनदान दिन लगाउनु भएर उद्धार गर्नुभयो । मातृहत्या गर्न समेत अग्रसर भएका अंगुलीमाललाई आफ्नो शिक्षाद्वारा वोध गराई पवित्र जीवन यापन गराउनु भयो ।

भगवान वुद्धप्रति सर्वसाधारण देखि राजासम्मले प्रकट गरेको आदर सम्मानवाट इर्ष्यालु भएका देवदत्तले आफूपनि "वुद्ध" को स्थानमा वसुँ र सबैको मानसम्मान वटुलुँ भन्ने कलुषित भावनाले प्रेरित भई वुद्धको हत्या गराउन अनेकन उपाय गरे । गुप्तरुपमा हत्याराहरु पठाए, हात्तीलाई मादक पदार्थ खुवाई बहुला बनाई वुद्धलाई कुल्चोस् भनी वुद्ध आउने बाटोमा धपाउन लगाए । तर वुद्धको भव्य एवं शुद्ध व्यक्तित्वको अगाडी ती हत्याराहरु नतमस्तक

भए र वुद्ध शिक्षामा दीक्षित भए। मूढ प्राणी हात्ती समेत वुद्धलाई देख्नासाथ आज्ञाकारी कुकुर भैं वुद्धको सम्मुख थचक्क वसी सूँडले वुद्धको पाउ सुम्सुम्याउन थाल्यो।

वुद्ध हत्याको आफ्ना प्रयासहरु विफल भएको देखी देवदत्त आफै वुद्धको हत्या गर्न कम्मर कसेर लागे। पहाडी वाटोमा वुद्ध हिँड्दै गर्नु हुँदा उ: आफू पहाडको माथितिर गई त्यहाँबाट ढुंगा खसालेर वुद्धलाई थिच्न खोजे। संयोगवश त्यो ढुंगा अर्कै ढुंगामा वज्रीन गै टुक्रा टुक्रा भई भूइमा छरिन पुगे तर एउटा सानो टुक्रा उछिट्टिएर वुद्धको पाइतालाको वुढी औंलामा लाग्यो र र काम्य भयो। तथापी वुद्धले देवदत्त प्रति कत्तिपनि द्वेष भाव प्रकट गर्नु भएन, वल्की असीम करुणा र मैत्रीपूर्वक नै व्यवहार गरे। वरु उनै देवदत्त पछि आफ्नो कुकृत्य प्रति लज्जावोध भई वुद्ध समक्ष माफि माग्न आउँदा वुद्धलाई भेट्नु अगावै वाटैमा प्राण त्याग गरे।

शाक्य र कोलिय वीच रोहिणी नदीको पानी बाँडफाँड गर्ने विषयमा छेड्न लागेको युद्धलाई वुद्धले "पानी भन्दा रगतको मूल्य वढी हुन्छ" भन्ने मनोवैज्ञानिक उपदेशबाट दुई पटकसम्म र कन सफल भए।

वुद्धले "सबै प्रकारका पाप नगर्नु, कुशलकर्म जति सक्दो गर्नु र चित्तलाई स्वच्छ र निर्मल वनाउनु" भन्ने जुन उपदेश दिनुभएको थियो, त्यो उपदेशलाई उहाँले आफै व्यवहारमा पनि उतारी सवैलाई उदाहरण दिनु भएको घटनाहरु थुप्रै छन्। उहाँ अत्यन्तै स्वच्छ, शुद्ध र पवित्र व्यक्तित्वका धनी हुनुहुन्थ्यो। उहाँवाट कुनैपनि पापकर्म भएको पाइदैन तसर्थ उहाँ "अरहं" अर्थात "गुप्त रुपले गरिने पाप समेत नगर्ने" गुणवाट सु-शोभित हुनुहुन्छ। जीवनको ४५ वर्षसम्म दिन-रात नभनी, घाम पानी, ठण्डी गर्मी, टाढा नजीक, साना ठूला, राजा रंक, धनी गरिव, पुरुष महिला, छूत अछूत , शक्त अशक्त, शिष्य अशिष्य, रुपवान अरुपवान आदि केहि नभनी भेदभाव नगरी केवल दुख मुक्ति केवल दुख रहित अवस्थाको कामना गरी उहाँले अनवरत रुपमा धर्मको शिक्षा, ज्ञानको उज्यालो, ध्यानको अभ्यास गराउने कार्यमा आफूलाई सतत समर्पित गर्नु भनेको कुशल कर्म नभई अकुशल कर्म हुनै सक्दैन। यस्तो जीवन्त स्व-उदाहरणका घटना अत्यन्त विरलै मात्र देख्न, सुन्न र जान्न पाइन्छ। चित्त शुद्धिका लागि उहाँवाट "विपस्सना" जस्तो जीवनदायी, मुक्तिदायिनी, भवतारिणी, विमुक्ति वोधिनी, सर्वजननि,सार्वदेशिक र सर्वकालिक उपाय सिकाउनु भएको छ। त्यो उपाय उहाँ आफैले उपयोग गरी आफू स्वयंले दुख मुक्तिको अवस्था प्राप्त गरी अनिमात्र सवैका लागि सर्वसुलभ बनाउनु भएको हो।

उहाँको भनाई र गराईमा रत्तिभर पनि अन्तर वा असामन्जस्यता पाइदैन, तसर्थ उहाँलाई सम्वोधन गरिने अनेकन नाम मध्ये "यथावादी तथाकारी तथावादी यथाकारी" अर्थात जस्तो भनाई त्यस्तै गराई जस्तो गराई त्यस्तै भनाई ( भएका महान व्यक्तित्व ) पनि एक हो।

भगवान वुद्धमा पाइने यो अद्वितीय गुण देशका नीति निर्माताहरुमा अझ भनौं मानवमात्रमा पनि भई दिएको भए आजको जस्तो हिंसामय, दुखमय, अभावमय, द्वन्दमय, निराशामय समाज, देश र विश्व हुँदैन थियो होला। शायद यस्तो अवस्थाको अनुभूति पाउन धेरै समय पर्खिनु पर्ने होला। तर याद राखौं कल्पना, जपना र कामना मात्रैले त्यस्तो अवस्थाको सिर्जना हुने होइन। तपाई हामी सवैले व्यक्तिगत तवर मै ती गुणहरुलाई आफूमा उत्पन्न गर्न सकेमा त्यो समय, त्यो अवस्था धेरै टाढा छैन- भनाई र गराईमा अन्तर नल्याऔं।

# विज्ञानको विवेकशील प्रयोग र बुद्धवाद

- कपिल अधिकारी

विज्ञान र प्रविधिको विकासले मान्छेलाई के दिन सक्यो र के दिन सकेन ? गुणात्मक रुपमै, जरैदेखि नै मानव समाजको रुपान्तरण गर्ने क्षमता यससँग छ कि छैन ? विज्ञान नै अन्तिम सत्य हो कि यसभन्दा पर अर्कै सत्यको पनि अस्तित्व छ ? विज्ञान र प्रविधिको द्रुततर उन्नति भइरहेको अवस्थामा स्वभाविक रुपमा यस्ता प्रश्नहरु उठ्ने गर्छन् । विज्ञानको सीमा (Limitation of Science) लाई विषयवस्तु बनाएर गरिने छलफल र विवादले बौद्धिक समुदायमा एउटा ठूलो हिस्सा ओगटेको छ । विज्ञानको सीमा के हो त ? दार्शनिक र वैज्ञानिकहरुका लागि धेरै अघिदेखि चुनौतिपूर्ण प्रश्नको रुपमा उभिएको छ । यहि प्रश्नका कारण कतिपय विद्वानहरुले धेरै भ्रमको खेती गर्ने मौका पनि पाएका छन् । हुन त केहि अवैज्ञानिक चित्त भएका मूढाग्रही चिन्तकहरुले अहिले मात्र होइन, शुरुदेखि नै विज्ञान र यसका प्रत्येक कदमहरुमाथि हिलो छ्याप्ने काम गरिर हेकै थिए । यसै प्रश्नले उनीहरुलाई अझबढी उर्जा थपिदिएको छ, विज्ञान विरुद्ध आगो ओकल्न । आधुनिक मानव सभ्यतामा देखिएका हत्या, हिंसा र अन्य विकृतिहरुको दोष विज्ञान प्रविधिमाथि लगाई त्यसको विकल्पका रुपमा पुरानै ढोंग र पाखण्डमा आधारित तथाकथित धर्मको वकालत गर्ने गरेको पाइन्छ । तर के विज्ञानको सर्वोच्चताको विकल्प विश्व तथा ब्रम्हाण्डको हर क्षेत्रमा व्याप्त रहेको भनिने अज्ञात, अपरिवर्तनशील, नित्य, सर्वशक्तिमान् इश्वरीय सत्ता हुन सक्छ ? विज्ञानका सीमिततालाई पूर्णता दिने यो बाहेक अर्को कुनै विकल्प छैन ? यो एक विचारणीय प्रश्न हो ।

शुरुबाट नै विज्ञानले पुरातन र स्वतः प्रमाणित मानिने धार्मिक अन्धविश्वासमाथि प्रश्न उठाउँदै आएको हो र त्यही कारण यसले धेरै खप्की पनि खप्नु परेको हो । विशुद्ध विज्ञान मात्र हैन, वैज्ञानिक पद्धतिको वकालत गर्ने दर्शन तथा विचारधारा ले पनि ईश्वरवादी धर्महरुबाट ठूलो आलोचना सहनु परेको इतिहास छ । त्यसका बावजुद विज्ञानले धार्मिक अन्धविश्वास माथि विजय पाइरहेको छ । यसले हामीलाई पुरातन रुढीग्रस्त मान्यताहरुबाट मुक्ति दिलाएको छ । कुनै पनि घटनालाई त्यसको भित्री तहसम्म अध्ययन गर्ने पद्धति सिकाएको छ । प्रकृतिका अनेकौं रहस्यहरुलाई एकपछि अर्को गर्दै पत्ता लगाउने र तिनलाई मानवोपयोगी बनाउने काम विज्ञानले गरिरहेको छ । विज्ञान तथा प्रविधिको प्रयोग विना आधुनिक मानव सभ्यता एक कदम अघि बढ्न नसक्ने भइसकेको छ । विज्ञानको यही दबदबाका कारण आजकल मानिसहरु जे कुरालाई पनि विज्ञान सम्मत छ कि छैन भनेर जाँच्ने र विज्ञान सम्मत भएमात्र अँगाल्ने गर्न थालेका छन् । यहाँसम्म कि धार्मिक मानिएका मूल्य र मान्यतालाई समेत विज्ञानको कसीमा जाँच्न थालिएको छ । यो निकै सकारात्मक कुरा हो । यसले गर्दा अवैज्ञानिक धर्म र अन्धविश्वासको ठाउँमा विज्ञान सम्मत धर्म संस्कृतिको प्रतिस्थापनमा निकै ठूलो मद्दत गर्न सक्छ ।

विज्ञानको प्रत्येक कदमले मान्छेलाई पहिलेभन्दा अझ शक्तिशालि बनाउँदै गइरहेको छ तर जति जति मान्छेको शक्ति बढ्दै गइरहेको छ त्यति त्यति

प्रकृति अझ बढी जटिल र अझ बढी शक्तिशालि भएको पनि थाहा हुँदै गइरहेको छ। अनि फेरी ती जटिलतालाई चिर्ने क्रम अघि बढ्दै गइरहेको छ। यो क्रम रोकिनेवाला पनि छैन। यो सृष्टिमा चलिर हने अनन्त प्रकृया हो। कुनै नियम आफैले प्रतिपादन गरेर त्यसलाई प्रकृतिमाथि लाद्न वा त्यही नियम अनुसार प्रकृतिलाई चल्न बाध्य पार्न कसैले पनि सक्दैन । विज्ञानले गर्ने भनेको पनि प्रकृतिमा निहित नियमहरुको अन्वेषण र त्यस्ता नियमहरुको निष्ठापूर्वक पालना मात्रै हो । विज्ञानको अर्थ हो- सत्यको खोज। तर सत्य भन्ने शव्द आफैमा अपूर्ण र अनेकार्थी शव्द हो । त्यसैले विज्ञानलाई केवल सत्यको खोज भनेर मात्र पुग्दैन। यसलाई वस्तुगत सत्यको खोज भन्नु बढी उपयुक्त हुन्छ। आत्मगत सत्यको क्षेत्र विज्ञानको होइन । यहींनेर आएर विज्ञानको पूर्णताको लागि अर्को कुनै कुराको पनि खाँचो छ भन्ने तथ्य उजागर हुन्छ।

मान्छेले मान्छेलाई माया गर्नुपर्छ, जगत्लाई नै माया गर्नुपर्छ। चराचर जगत् प्रेम र सद्भावमा नै अडिएको छ। हत्या हिंसा ले मानव जीवनलाई झन् झन् कष्टप्रद वनाउँदै जान्छ । यो सबैले मान्ने सत्य हो। ध्रुवसत्य। यसको लागि कुनै पर ीक्षण र प्रमाणको आवश्यकता छैन। यो आधारभूत मानवीय सत्य हो। तर यस्तो किसीमको सत्यको अध्ययन विज्ञानमा गरिदैन । वैज्ञानिक सत्य जो सुकैले पनि जहाँसुकै पनि निश्चित प्रयोगहरुद्वारा प्रमाणित गर्न सक्छ ।

एउटा अक्सिजन र दुइटा हाइड्रोजनको पर माणु मिलेर पानीको एउटा अणु बनेको हुन्छ। यो एक वैज्ञानिक सत्य हो । यसलाई जोसुकैले पनि एउटा निश्चित प्रयोगवाट सिद्ध गर्न सक्छ जुनसुकै समयमा। तर कुनै सुन्दर वालकले मुस्कुराइ दिंदा हाम्रो हृदयमा संचार हुने भाव तरंग एक आत्मगत सत्य हो। किनकि यसले अलग अलग व्यक्तिलाई अलग अलग किसिमले प्रभाव पारिरहेको हुन्छ। त्यस्तै, आज गर्मी छ भन्नु एक प्रकारको आत्मगत अभिव्यक्ति हो भने आजको तापक्रम ३५ डिग्रि सेल्सियस छ भन्नु वस्तुगत सत्य हो र विज्ञानले यस्तै कुराहरको अध्ययन गर्छ। यिनै विविध कार णहरुले गर्दा अक्सर विज्ञानलाई हृदयविहीन, कलाविहीन रुखो विषयको रुपमा लिइन्छ। त्यस्तै, विज्ञानले लक्ष्यको निर्धारण गर्न सक्दैन, लक्ष्यसम्म पुग्ने साधन मात्र उपलब्ध गराउन सक्छ। त्यसैले लक्ष्यको निर्धारण गरिनु विज्ञानको पूर्णताको लागि अपरिहार्य छ ।

विज्ञानलाई एउटा सुन्दर र शक्तिशाली जहाजको रुपमा हेर्न सकिन्छ जसलाई त्यसमा सवार चालकदलले दिशा निर्देश गर्ने गर्छ। जहाजको चालक कुशल भएमात्र त्यो राम्ररी अघि बढ्न सक्छ। कसलाई त्यो जहाजको चालक बनाइएको छ, जहाजको यात्राको दिशा त्यसैमा भर पर्छ। एउटा निश्चित लक्ष्य निर्धारण नगरी जहाज चलिर हँदा त्यसमा सवार जो कोहिलाई पनि त्यस जहाज प्रति शंका र भय उत्पन्न हुन्छ -कतै यसले हामीलाई हाम्रै विनाशको बाटो तर्फ त लगिरहेको छैन ? विज्ञानका प्रत्येक नयाँ आविष्कारले मान्छेमा त्यस्तै प्रकारको शंका र भय उत्पन्न हुने गर्छ। मानव क्लोनिङको वारेमा चर्किरहेको विवादलाई त्यसैको ताजा उदाहरण मान्न सकिन्छ।

विज्ञानको लक्ष्य निर्धारण गर्ने आधारभूत तत्व विवेक, प्रेम र सद्भाव हुनुपर्छ। यसका संचालकहरु विवेकी हुनुपर्छ तव मात्र विज्ञानप्रतिको शंका र भय हटी मानिसमा यसप्रतिको श्रद्धा अझ बढ्न सक्छ। विज्ञानको ध्वंसात्मक रुपलाई हटाउँदै यसको सिर्जनात्मक रुपलाई उजागर गर्नको लागि यसको मार्ग निर्देशन गर्ने एउटा विचारधारा या दर्शनको टड्कारो खाँचो छ । त्यसको लागि तथाकथित इश्वरवादी धर्म उपयुक्त हुन सक्छ भन्ने निकै सुन्न

चलिएको छ । विज्ञानलाई धर्मले डोर्‍याउनु पर्छ, नत्र यसले मानव सभ्यताको विनाश निम्त्याउन सक्छ भन्नेहरुको तर्क धेरैहदसम्म जायज पनि देखिन्छ तर जुन धर्मले शुरुदेखि नै विज्ञान प्रति सौताको छोरो जस्तो अत्यन्तै पूर्वाग्रही मात्र हैन आक्रामक व्यवहार समेत गर्दै आएको छ त्यसले नै यसलाई डोर्‍याउन सक्दछ भन्नु हास्यास्पद र बिरोधाभाषपूर्ण कुरा हो । विज्ञानको मार्ग निर्देशक सिद्धान्त आफैमा पनि वैज्ञानिक पद्धतिमा आधारित हुनुपर्छ । विज्ञानलाई आत्मसात गर्न सक्ने हुनुपर्छ । विज्ञानको सर्वोच्चताको विकल्प सर्वसत्तावादी कपोलकल्पित ईश्वर हुन सक्दैन । विवेक, करुणा र प्रेम सहितको वैज्ञानिक चित्त नै विज्ञानको कुशल चालक बन्न सक्छ । फेरी यो त यस्तो जहाज हो, जसको निर्माण क्रम यात्राकै समयमा समेत निरन्तर चलिरहेको हुन्छ । त्यसैले यसलाई डोर्‍याउने दर्शनले यसको निरन्तर विकास गर्न सक्ने क्षमता राख्नु पर्छ । त्यस्तो क्षमता कुनैपनि तथाकथित ईश्वरवादी धर्महरु सँग छैन । बरु तिनीहरुसँग यो जहाजको अंगभग गरेर यसलाई अपांग र विरुप पार्ने क्षमता छ । इतिहास साक्षी छ, विज्ञानले जडसूत्रवादी धर्महरुसँग कति संघर्ष गर्नु परेको थियो । जडसूत्रवाद विज्ञानको दुश्मन हो, मित्र हुन सक्दैन ।

समग्रमा भन्नु पर्दा विज्ञानलाई मार्ग निर्देशन गर्ने दर्शन जडसूत्रवाद, इश्वरवाद, अन्धविश्वास र अवतारवाद जस्ता भ्रामक विचारहरुबाट मुक्त हुनुपर्छ । पूर्वाग्रह रहित स्वतन्त्र चिन्तनद्वारा सत्य खोज्न प्रेरित गर्ने, प्रकृतिको गतिशीलता र अनित्यताको बोध भएको र कुनै घटनाको भित्री तहसम्म पुगेर त्यसको हेतु (कारण) पत्ता लगाउन मद्दत गर्ने दर्शनलाई नै विज्ञान सम्मत दर्शन मान्नु पर्छ र अझ त्यो दर्शन विवेक, प्रज्ञा, करुणा, दया, माया र अहिंसा जस्ता अति आधारभूत मानवीय गुणहरले सुसज्जीत पनि छ भने विज्ञानको कुशल मार्ग निर्देशक बन्ने क्षमता त्यही दर्शनसँग हुन्छ । पच्चिस सय वर्ष अघि गौतम बुद्धद्वारा प्रतिपादित दर्शनमा यस्तै खालका विशिष्टताहरु रहेको हामी पाउँछौं । बुद्धदर्शनले उद्घोष गरेको क्षणिकवाद, अनीश्वरवाद, प्रतित्यसमुत्पाद अथवा हेतुवाद जस्ता दार्शनिक अवधारणाहरु एकातिर विज्ञानसम्मत पनि छन् भने अर्कातिर करुणा, विवेक, प्रज्ञा, अहिंसा, मैत्री जस्ता मानवीय संवेदनाका कुराहरु त बुद्धवादका पर्याय नै भइहाले । त्यसैले आत्मगत सत्य र वस्तुगत सत्य दुबैको बीचमा लयबद्ध कायम गर्न बुद्धवाद सक्षम छ। विज्ञानको सिर्जनात्मक प्रयोग का लागि आवश्यक वैज्ञानिक पद्धति र विवेक बुद्धवादको मूलभूत विशेषता हो । यसले विज्ञानलाई मानव कल्याणको लक्ष्य निर्धारण गर्न र विवेक सहितको विज्ञान (SCIENCE WITH CONSCIENCE) को विकास गर्न सहयोग गर्न सक्छ । विज्ञानका केही ध्वंसात्मक कार्यहरुको कारण विज्ञानको संचालकमा भएको अविवेकी र हिंसक प्रवृत्ति हो । त्यसको ठाउँ विवेकी र वैज्ञानिक चित्तको विकासमा जोड दिने वुद्ध दर्शनले लिन सक्यो भने अव फेरी हिरोशिमा र नागासाकी को विभीषिका मानव समुदायले भोग्नु नपर्ने निश्चित छ । यो नै विज्ञानको पूर्णताको लागि अपरिहार्य शर्त हो ।

kapil_061@yahoo.com

लोभी मानिसले न त शोक त्याग गर्न सक्छ, न त दुःख नै [redacted] ।

-बुद्ध

# सबैले बुद्ध दर्शन बुझ्न आवश्यक छ

- कुसुम केशव पराजुली

"स्वदेशे पूज्यते राजा, विद्वान सर्वत्र पूज्यते" हितोपदेश नामक पुस्तकमा पढिने संस्कृतको श्लोक मध्य एउटा यो पनि हो । हिजो आज जस्ता पनि राजा वा विद्वानहरु पाइन्छन् । तापनि अनुभव प्राप्त विद्वान,लेखकहरुले असल र विद्वत वर्गलाई इंगित गरेर उक्त श्लोक लेखेको हुनुपर्छ। अहिलेका र राजा र विद्वत वर्ग के -कस्ता छन् ? यो कुराको मूल्याकन सचेत साधकहरुले मात्र गर्न सक्लान । प्रसंग किन उठाउन खोजियो ? सायद पाठकहरुलाई जिज्ञासा जाग्न सक्छ ।

राजा शुद्धोदनको दरबारमा निकै खुशी छायो। भौतिक र ऐयासिक सम्पन्न राजदरबारमा उत्सवको तयारी गर्नु ठूलो कुरा थिएन। राजपाटका उत्तराधिकारीको जन्ममा सबै राजाले त्यसै गर्दै आएका छन्। हाम्रो परंपरा त्यस्तै रह्यो "शासन गर्न लायक नरहेकाहरु" ले समेत शासन गर्ने अविभारा लिनु पर्ने भयो । तर शाक्य वंशको त्यो राज्यमा अनन्तकाल सम्म विश्वमानव जगतसंग एकाकार हुने राजपुत्रको जन्म हुन्छ भन्ने कुरा सर्वसाधारणलाई के थाहा ?

हजारौं प्रयास गरेर पनि दर्शन प्राप्त गर्न नसकेका शुद्धोदनले आफ्नो दरबारमा एक जना धर्मात्मा, योगीलाई विना निमन्त्रणा आएको देखे । उनी खुशीले गद्‌गद भए । नवपुत्रको भाग्यरेखा हेराउने उनको अभिलाषा पूरा हुने ठानेका शुद्धोदनले एकाएक महात्माको आँखामा आँसुका ढिक्का बर्सिएको देखे। उनी झस्किए र भने " हे महात्मा के नवराजपुत्रको भविष्य राम्रो छैन ? " महात्माले भने "म हर्ष विभोर छु, आज मैले तपस्या गरेको त्यो बोधिसत्वलाई दर्शन गर्न पाएँ, जो तपाईको राजपाट भन्दा पनि विशाल छ। "

जगतले देखे, भोगेको वा बुझेको सुखबाट तृप्ति भएको कसैले देखेको छैन । बोधिसत्व, सम्यक बुद्धको भविष्यवाट आत्तिएका शुद्धोदनले सांसारिक दुःखको सूक्ष्म अंश सम्म पनि महशुस गर्न नपरोस् भनेर भौतिक सुविधाले परिपूर्ण वातावरणमा सिद्धार्थ गौतमलाई राख्न खोजे। तथाकथित सुबिधाको चौघेरामा बन्दी बनाइएका सिद्धार्थलाई अन्त्यमा वैराग्य जाग्ने बाटो खुल्यो। कर्तव्यबोध वाट वञ्चित नभएका सिद्धार्थ गौतमवाट राजा शुद्धोदन सन्तुष्ट थिए । उनको विवाह भयो, पुत्रलाभ भयो। यो देखेर राजा शुद्धोदनले सिद्धार्थलाई गृहस्थी बनेको ठाने।

ऐश, आराम र लोभलाग्दा रमणीयहरुको ऐच्छिक सुसार सिद्धार्थको लागि आवश्यक थिएन । तर दरबारको चौघेरामा त्यसो गरिनु नौलो कुरा थिएन। त्यसको परिणाम सिद्धार्थको दरबार बाहिरको अवलोकनबाट प्राप्त हुने वैराग्य थियो । त्यतिबेलाका युवराज सिद्धार्थले यद्यपी लागु पदार्थको नशामा झुम्ने वा कालो पदार्थको ओसार पसार गर्ने गर्दैनथे। मूर्ति तस्करी गरेर धनाढ्य सम्राट बन्ने सपना सिद्धार्थमा जागेन। त्यतिबेला यस्ता कुराको शिक्षा र ज्ञानको आवश्यकता ठानिदैनथ्यो ।

काम, क्रोध, लोभ र मोह जस्ता शत्रु

उपर जन्मजात विजय गरि आएका सिद्धार्थलाई असमर्थित, भौतिक श्रेष्ठता हासिल गर्ने विचार को त्यागले आखिर दरबारबाट अलग्यायो। उनको बोधगम्य साधनाले गौतम बुद्ध बनायो। हरेकले हिंसा, अशान्ति, भय, अहंकारका कारक तत्व पहिल्याएर आत्मबोध गर्न जरुरी छ। वर्तमान विश्वमा दया, अहिंसा, क्षमा, सहनशीलता जस्ता बौद्ध प्रवृत्ति अगिकार गर्न जरुरी छ।

मूर्ती पूजा, कर्मकाण्ड र मस्जिद-गिर्जाघर निर्माण गर्नु धर्मको प्रतिक थिएन। बौद्धकालिन धार्मिक मान्यता धर्मकै नाममा छाएको हिंसा, अशान्तिको पृष्ठभूमिमा उदाएको चुनौति थियो। नयाँ मूल्य र मान्यता जन्मन एवं हुर्कन सहज हुँदैन। लामो समय सम्म हिंसा, अशान्ति, राज्यविस्तारको अभिलाषा मानव समाजको कलंक थियो। त्यही मान्यताबाट वर्तमान समाज र विश्व शक्ति मुक्त छैन। त्यसैलाई साम्राज्यवादी नीति भन्ने गरिन्छ। हामी त्यही शक्ति र हैकमबाट अभिप्रेरित छौं।

"बुद्धम् शरणम् गच्छामी, धम्मम् शरणम् गच्छामी, एवं संघम् शरणम् गच्छामी" यसको भावपूर्ण अर्थ भिक्षु, तथागतहरुले गर्दै आउनुभयो। तर हिन्दू सम्राटको पाउ पुजेर बौद्ध परम्परा कायम हुन्छ भन्ने कुरा आम नागरिकलाई थाहा छैन। कतै बौद्ध परम्परामा थपिएको नयाँ कर्मकाण्ड त होइन ? बौद्ध दर्शनलाई संकुचन गराउने अभ्यासमा हामी लागि परेका त छैनौं ? केही सज्जनहरुले यस्ता सवाल उठाउन थालेका छन्। लोभ लालचबाट अभिसिंचित राजकीय व्यवस्था हिंसात्मक प्रणाली हो। भ्रष्टाचार, अभिमान, शक्तिको दुरुपयोग आफैंमा हिंसा हो। हिंसाले प्रतिहिंसा जन्माउँछ। अहिले हाम्रो देश र विश्वमानै त्यस्तै अवस्था विद्यमान छ। राजकीय हिंसाले नै प्रतिहिंसा, विद्रोह र कुण्ठा जगाउँछ। यसको कारण विकास होइन विनास निम्त्याउँछ। तर विद्रोह मनमा उठेपनि धैर्यता, शान्ति, सहनशीलता त्यत्तिकै आवश्यक पर्दछ। अन्त्यमा शोषण, अन्याय, अत्याचार र दमन गर्ने तत्वको पराजय हुने गर्छ।

बुद्ध दर्शन एकतन्त्रीय निरंकुश सामाजिक मनोविज्ञानमा आधारित छैन। संघात्मक सामाजिक व्यवस्था, स्वविवेकी न्याय प्रणाली, समुन्नत समतामूलक सभ्यता शान्तिका राजकीय आधारशीला हुन्। हामी कहाँ क्षमा याचनाको परंपरा बसेको छैन। र राजकीय अहंकारवादले वास गरेको संस्कृति यहाँ छ। आर्थिक, राजनैतिक भ्रष्टाचार गर्नेहरुले कहिल्यै माफी मागेर आफू सच्चिने प्रण गरेनन्। राज्य सत्ताको केन्द्र र उच्च तहमा बस्नेहरुले सिकाएर समाज र मुलुकलाई पथभ्रष्ट बनाएका छन्।

प्रवृत्ति, संस्कार र परंपरामा परिवर्तन नल्याए सम्म जुन सुकै सामाजिक व्यवस्थाको नाम दिए पनि खासै केही हुँदैन। राज्य वा समाजको नेतृत्व फेरिन सक्छ। तर स्थितिमा फेर बदल आउन सक्दैन। बुद्धको जन्मस्थल भनेर परिचित हामीले उनको दर्शन र त्यसको मर्म बुझेर व्यवहारमा लागु नगर्नाले शीर निहुराउनु पर्ने भएको छ। यस्तो शर्मनाक अवस्था ल्याउनमा मात्रात्मक धेरै वा थोरै सबै जिम्मेवार छन्। यसबाट अछुतो भएर कसैले आफूलाई पुजिर हुन् भन्ने ठान्दछ भने त्यो महा-मूर्ख बन्न पनि सक्छ।

वैरले वैरभाव शान्त हुँदैन।
मैत्रीले नै मैत्रीभाव शान्त हुन्छ।
- बुद्ध

# धर्मसंघ बुद्ध बिहार : एक परिचय

धर्मसंघ बुद्ध बिहार पोखराका महत्वपूर्ण बिहार र गुम्बाहरु मध्य एक हो। यो बिहार २०१३ साल बैशाख २ गते स्थापना गरिएको हो। पहिले यसको नाम नेपाल राज्यान्तर्गत सुप्रसिद्ध धर्मसंघ बुद्ध बिहार राखिएको थियो। यो वज्रयानी परम्पर ा अन्तर्गतको बिहार हो र यहाँ शाक्य परिवारका बालकहरुको चुडाकर्म र बालिकाहरुको यिही र बेल बिवाह गर्ने गरिन्छ।

शाक्य परिवारको चुडाकर्म ब्रतबन्ध पहिले पहिले काठमाण्डौ, पाटन र भक्तपुरको आफ्नो मूल बिहारमै गएर गर्नु पर्दथ्यो। त्यसो गर्नु ज्यादै महंगो र अव्यावहारिक भएकाले बुद्धाचार्य, बज्राचार्य लगायतका सबै शाक्य परिवारले साझा बिहार स्थापना गरी पोखरामा नै चुडाकर्म बिधि संपन्न गर्ने निर्णय गरे अनुसार २०१३ सालमा यो बिहार को निर्माण गरिएको हो। चुडाकर्मको लागि आवश्यक भएको श्री चक्र संभवको मूर्ति, करुणामयको मूर्ति ल्याई स्थापना गरियो र बिहारको प्राङ्गणमा सानो चैत्यको पनि निर्माण गरियो। यस किसिमले स्थापित बिहारमा भक्तपुरबाट आउनु भएका चन्द्रज्योति बज्राचार्यज्यू बाट २०१३ सालको अक्षय तृतीयाका दिन पहिलो सामूहिक चुडाकर्म कार्य संपन्न भयो। शाक्य परिवारका लागि यो एक ठूलो क्रान्ति थियो। त्यसले शाक्य एकता स्थापना गर्न पनि उत्तिकै सघाउ पुऱ्याएको सर्वविदित छ।

यो बिहार स्थापना भएपछि २०१३, २०१७, २०२५, २०३१, २०४०, २०४७ र २०५६ सालमा चुडाकर्म बिधि संपन्न भैसकेका छन्। चुडाकर्मलाई आजभोली कर्मकाण्डको रुपमा लिने गरिएको छ। तर पहिले यो त्यस्तो थिएन। नेपालमा कुनै बेला भिक्षु बन्ने प्रथा बन्द गरियो। भिक्षु भएकाहरु कतिपयलाई चिवर फुकाल्न लगाइयो भने जसले भिक्षु जीवन परित्याग गर्न चाहेनन्, उनीहरु देश बाहिर स्वनिर्वासनमा जानु पर्ने भयो। बुद्ध जन्मेको देशमा भिक्षु प्रथा नै लोपहुने स्थिति उत्पन्न भयो। भिक्षु केलाई भन्दछ र कस्तो हुन्छ भन्ने स्थिति आउने संभावना भएकोले सरकारको आँखा छल्न र आफ्नो धर्मको पनि निर्वाह गर्ने पूनित उद्देश्य राखी तात्कालीन अग्रजहरुले शाक्य परिवारका किशोर हरुलाई कर्मकाण्डको नाममा सातदिन भिक्षु बनाउने प्रथा चलाइयो। सात दिन भिक्षु हुँदा उनीहरुले भिक्षुको जीवन यापन गर्ने, बुद्धको प्रारम्भिक शिक्षा प्राप्त गर्ने र समाजले पनि बराबर भिक्षुको आवरण देख्ने हुँदा कुनै न कुनै रुपमा बुद्धधर्मका कुराहरु स्मृति पतलमा रहिरह्यो। आजभोलि चुडाकर्म विधिलाई समय परिस्थिति अनुसार सरल र छोट्याउने गरिएको छ।

बेला अनुसार चल्नु बुद्धिमानी हुन्छ। परिवर्तनशील संसारमा मेरो गोरुको बाह्रै टक्का भनेर पनि हुँदैन। समयको परिवर्तन र मानिसको इच्छा र चाहना अनुसार धर्मलाई गति दिनु पर्दछ। गतिशील धर्म सँधै रहिरहन्छ। जुन धर्ममा गति हुँदैन, त्यो त्यस्तो पोखरी जस्तो हुन्छ, जहाँ हिलो हुन्छ, फोहर हुन्छ र गन्हाउने संभावना हुन्छ। भगवान बुद्धको पालादेखि सम्राट अशोकको पालासम्म नेपालमा मौलिक बुद्धधर्म राम्ररी फस्टाएको थियो। पछि यहाँको बुद्धधर्मलाई एकपटक महायानले गति दियो दोश्रो पटक बज्रयानले गतिशील बनायो।

नेपालमा बज्रयान फैलिएको बेलामा देशको मान सम्मान र प्रतिष्ठा नै अर्कै थियो। कलाकौशलको

दुको उन्नति र विकास भएको थियो। गुरु पद्म सम्भवले काठमाण्डौमा करिब तीन वर्ष बसेर विभिन्न कुराहरुको अध्ययन गरेर तिब्बतमा बुद्धधर्म प्रचार गर्न सकेका थिए। त्यसबेलाका राजकुमारी भृकुटीले तिब्बतमा गएर बुद्धधर्मको प्रचार गरी जुन आदर्श निर्वाह गरे, त्यसले देशको नाम उच्च भएको छ। त्यस्तै अरनिकोले पनि तिब्बत र चीनमा गएर नेपाली अद्वितीय कला र कौशलको जुन पहिचान गराए, त्यसबाट नेपाल र नेपालीको प्रतिष्ठा बढेको सर्वविदितै छ।

हिजो नेपालीले आफ्नो धर्म, धर्मशास्त्र कलात्मक मूर्ति लगायतका बाहिर सप्लाई गर्दथ्यो भने आज ती कुराहरु बाहिर बाट आयात गर्दछौ। यसैलाई हामीले विकास भएको ठान्दैछौ। राष्ट्र र राष्ट्रियताका लागि कुन उल्टो हो, कुन सुल्टो हो, नेपालीले सोच्नु पर्ने बेला आएको छ।

निश्चय नै बज्रयान एउटा आवश्यकता पूर्ति गर्न प्रादुर्भाव भएको हो। जसरी बज्रयान आवश्यकता पूर्तिका लागि भएको हो, त्यसैगरी चुडाकर्म विधि पनि त्यस्तै आवश्यकता को लागि भएको हो। यसको इतिहास लामो छ। इतिहास कति सम्म लम्ब्याउने भन्ने कुरा लेखक र इतिहासकारहरुको पौरख र खुबीमा पनि भर पर्छ। हामीलाई के थाहा छ भने सिद्धार्थ गौतमले महाभिनिष्क्रमण पश्चात आफैले आफ्नो रौ काटेर प्रवज्जित हुनु भएको थियो। प्रवज्या बौद्धहरुका लागि आवश्यक अंग हो। संस्कार हो। चुडाकर्म गर्नु भिक्षु संस्कारलाई जीवन्त राख्नु हो।

पश्चिम नेपालमा पाल्पा पछि पोखरामा चुडाकर्म गर्ने गरिएको हो। हरेक जिल्लामा यो कार्य गर्न गाह्रो छ। त्यसैले पोखरालाई सेण्टर मानेर वरपरका जिल्लाहरुबाट धर्म संघ बुद्ध बिहार मा आउनु उचित हुन्छ। पोखराले पनि बाहिर काहरुलाई सहज, सरल र सुलभ किसिमले प्रवेश दिनु पर्दछ। जसले गर्दा बाहिरका जिल्लाका स्वजातिहरु सँग पोखराका शाक्यहरुको सम्वन्ध र सम्पर्क नजिकको हुन सक्छ।

एकताबद्ध भएमा केही गर्न सकिन्छ भन्ने कुरा पोखराका शाक्यहरुले देखाएका छन्। पोखरामा शाक्यहरु एकताबद्ध छन्। यहाँ शाक्य समाजको आफ्नै भवन छ। जहाँ बिवाहवारी भोज भतेर, गोष्ठी, सभा, ध्यान आदि सबैका लागि प्रयोग गरिन्छ। समाज भवन शाक्यहरु बाहेक अन्य जन जातिले पनि प्रयोग गर्न सक्दछन्। यसले वरपर पनि राम्रो प्रभाव पारेको छ।

त्यसको अतिरिक्त, शाक्यहरुले आफ्नो पुरानो धर्म संघ बुद्ध बिहार भवनलाई नयाँ किसिमले बनाएका छन्। नयाँ भवन निर्माण भएपछि सबैमा एउटा नयाँ उत्साह र उमङ्ग पलाएको छ। उनीहरुले विभिन्न कृयाकलापहरु गर्दैछन्। त्यो कृयाकलाप प्रत्येक वर्ष बढ्दैछ। शाक्य समाजले ८० वर्ष नाघेका आफ्ना अग्रज व्यक्तित्वहरुको सम्मान, एस.एल.सी. परीक्षामा आफ्नो समाजका उच्चतम अंक ल्याउने छात्र छात्राहरुको सम्मान लगायत कार्यहरु गर्दै आएको छ।

धर्म संघ बुद्ध बिहार मूलत बज्रयानी भएतापनि त्यहाँ बराबर भिक्षुहरुलाई आमन्त्रित गरेर प्रवचन गराउने, ध्यान गराउने कार्यक्रमहरु राख्दैछ। पोखराका अन्य गुम्बा र बिहारहरुसँग यस बिहारको राम्रो सम्वन्ध छ। धर्मशिला बुद्ध बिहारका संस्थापिका अनगारिका धर्मशिला र जापनका भिक्षु मोरियोका सोनीको अग्रसरतामा २०४१ साल देखि शुरु गरिएको धर्मचक्र दिवसको उपलक्ष्यमा आयोजित पोखरा उपत्यकाव्यापी बुद्ध पूजा यस बिहारले यस पटक सहित तीन पटक आयोजना गरेको छ। धर्मचक्र दिवसको उपलक्ष्यमा आयोजित यो पोखरा उपत्यकाव्यापी बुद्ध पूजा अन्यत्रका बौद्धहरुका लागि एक उदाहरण हो। यो

पूजामा सहभागी उपत्यकामा रहेका सवै गुम्वा विहारमा पुगेर पूजा गर्दछन र यो पूजा प्रत्येक वर्ष एक एक गुम्वा र विहारले आयोजना गर्ने गर्दछ। संपूर्ण वौद्ध जात जातिहरु सहभागी हुने यस पूजाले वौद्ध एकता कायम गराउन सघाउ पुऱ्याई रहेछ र सहभागीको संख्या पनि वद्दो छ।

धर्म संघ वुद्ध विहारको संचालन, संरक्षण र व्यवस्थापनको लागि एउटा समिति छ। जसलाई सद्धर्म सभा भनिन्छ। सद्धर्म सभाको कार्य समितिमा निम्न लिखित पदाधिकारी रहनु भएको छ।

१. सभापति कुलामान वुद्धाचार्य
२. उपसभापति तेजमान वुद्धाचार्य
३. सचिव श्याम शाक्य
४. कोषाध्यक्ष पुष्करमान वुद्धाचार्य
५. सहसचिव चिजमान शाक्य
६. सदस्य शेरमान वुद्धाचार्य
७. सदस्य चेतराज शाक्य
८. सदस्य सरोज शाक्य
९. सदस्य भरत शाक्य
१०. सदस्य इश्वर शाक्य
११. सदस्य दुर्गामान वुद्धाचार्य

<u>सल्लाहकारहरु</u>

१. सल्लाहकार वेदमान गुभाजू
२. सल्लाहकार गुरुजू वुद्धिमान वज्राचार्य
३. सल्लाहकार शुभालाल वज्राचार्य
४. सल्लाहकार गोपालमान वुद्धाचार्य


भिक्षु सुभद्र केही सातादेखि अस्वस्थ हुनुहुन्छ। उहाँ दिसा पिसाबको अनियमितताबाट पीडित हुनुहुन्छ। हामी उहाँको स्वास्थ्य लाभको लागि प्रार्थना गर्दछौं।

बिक्रम बुद्धाचार्य
अध्यक्ष
युवा बौद्ध संघ,
धर्मशिला बुद्ध बिहार
धर्मशिलामार्ग, नदिपुर पोखरा



भिक्षु सुभद्र केही सातादेखि अस्वस्थ हुनुभएकोमा
हामीलाई धेरै चिन्ता लागेको छ।
हामी उहांको स्वास्थ्य लाभको लागि प्रार्थना गर्दछौं।

दायक सभा
धर्मशिला बुद्ध बिहार
धर्मशिलामार्ग, नदिपुर पोखरा

# बुद्धम् शरणम् गच्छामी

- लक्ष्मण थापा
वैद्याग

प्रकारान्तरमा
मरिरहन्छन जन्मने वित्तिकै
विरुद्धकहरु
र
कहिल्यै पनि मर्दैनन
बुद्धहरु ।

समयका पानाहरुमा
मरिरहन्छन
गोड्सेहरु
हारिरहन्छन् अशोकहरु
कलिङ्गाका नरमेधहरुमा
तर
न हार्दछन्
न मर्दछन्
बुद्धहरु ।

हे अंगुलीमाल हो
कति काट्छौ
मान्छे मूला त हैनन्
हिंसा र प्रतिहिंसा कृत्यहरु
वन्द गर अब
दुष्टता र चाण्डाल वृत्ति ।

समयका बुद्धहरु
सहिष्णुताका प्रतिमूर्ति हुन्छन्
उनीहरु हेरिरहन्छन् दयाले
छरिरहन्छन् अमृतमय कृपा ।
आउ
हत्या गर अंगुलीमालको
र
बुद्ध बन ।

आउ
हत्या गर बिद्रोहको
र
वुद्ध बन ।

आउ
मारिदेउ कालाशोक वृत्ति
र
वुद्ध बन ।

वुद्धहरु
मान्छे मार्न रुचाउँदैनन्
तर बुद्धहरु
सँधै उत्सुक रहन्छन्
हत्या गर्न
मान्छेका दुष्प्रवित्तिहरु

त्यसैले
हे विरुद्धक हो
हे गोड्से हो
हे कुरुवंशी हो
विर्सिदेउ एकै छिन आफ्नो दंभ
विर्सिदेउ एकै छिन हातको हतियार
हेर बुद्धका आंखाहरु
र भनिदेउ एक्कै पटक
"बुद्धम् शरणम् गच्छामी" ।

# बुद्धधर्म नेपालको पहिलो र पुरानो धर्म

-तिलकमान गुभाजू

नेपालका राष्ट्रिय विभूति भगवान शाक्यमुनि बुद्धद्वारा प्रतिपादित बुद्धधर्म नेपाल र नेपालीको आफ्नै धर्म भएतापनि नेपालमा बुद्ध धर्म सिक्ने सिकाउने विद्यालयको अभावमा बुद्धधर्म ओझेलमा परेको छ। यसवारे मानिसमा भ्रम छ। केही वर्षदेखि ठाउँ ठाउँमा आयोजना गरिएको बौद्ध जागरण शिविरले केही हदतक भएपनि भ्रम मेटाउने प्रयास गरेको छ। त्यसैले त्यस्तो शिविर निकै उपयोगी र लोकप्रिय मानिएको छ।

त्यस्तो शिविरमा धेरै प्रश्न सोध्ने गरिन्छ। ती मध्ये बुद्धधर्मको इतिहास र नेपालमा बुद्धधर्म पहिले आएको हो कि हिन्दूधर्म पहिले आएको हो भन्ने गम्भीर रुपमा आउने गर्दछन्। इतिहास निश्चय नै महत्वपूर्ण विषय हो। तर यसको समुचित अध्ययनको अभावमा समाजमा धेरै भ्रम उत्पन्न भएका देखिन्छन्। त्यस्तै भ्रमले गर्दा एउटा प्रष्ट कुरा पनि अस्पष्ट झैं हुन्छ, एउटा तथ्य पनि तोडमरोड गरिएको हुन्छ र एउटा सत्य पनि ओझेलमा पर्दा पत्याउन गाह्रो हुन्छ। धर्म सम्बन्धमा झन् आग्रह र पूर्वाग्रह हुने भएकाले एउटा नयाँ कुरा बाहिर आएपनि त्यो प्रष्ट भएपनि तथा त्यसलाई मुखले स्वीकारे पनि भित्री व्यवहारले अपनाउन सकिरहेको हुँदैन। त्यसरी अपनाउन नसक्नु कमजोरी हो। त्यही कमजोरी बोकेर मानिसहरु अघि बढिरहेका हुन्छन्। नेपालमा हिन्दूधर्म र बुद्धधर्म मध्ये कुन धर्म पहिले आएको हो भन्ने प्रश्न इतिहासको कुरा मात्र नभई धर्मको विषय पनि भएकाले त्यसलाई जटिल र संवेदनशील प्रश्न मान्नु पर्दछ। तर यो जति जटिल छ, त्यत्ति नै महत्वपूर्ण पनि छ। यस्तो महत्वपूर्ण विषय प्रस्ट्याउनु पनि उत्तिकै आवश्यक छ। जसले समाजमा विद्यमान भ्रम निवारण गर्नमा सघाउ पुऱ्याउंछ। प्रस्तुत लेखमा सोही विषयमा छलफल गर्ने जमर्को गरिएको छ।

नेपालमा हिन्दूधर्म र बुद्धधर्म मध्ये कुन धर्म पहिले प्रवेश भएको हो भन्ने प्रश्नको जवाफ मुख्यतया दुइ किसिमबाट खोज्न सकिन्छ। एउटा पौराणिक र अर्को ऐतिहासिक। ऐतिहासिक कुरामा इतिहास सिद्ध प्रमाण हुन्छ भने पौराणिक प्रमाण किंवदन्ती आदिमा निर्भर हुन्छ। आजभोलि इतिहासका कुरालाई धेरै महत्व दिने गरिएको छ। इतिहास सत्य र तथ्यमा आधारित हुन्छ। त्यसलाई पूर्वाग्रहरहित किसिमले हेर्नु पर्दछ। जसबाट हाम्रो मनमा विद्यमान भ्रम निवारण होस्। प्रस्तुत प्रश्नमा बुद्धधर्म र हिन्दूधर्मको इतिहास हेरेर मात्र हुँदैन, त्यस प्रश्नसंग जोडिएको नेपालको पनि इतिहास हेर्नु पर्दछ। नेपालसँग पहिले हिन्दूधर्मले नाता जोडेको थियो कि बुद्ध धर्मले, त्यस कुराको इतिहास सम्मत किसिमले विवेचना गर्नु पर्दछ र निर्क्यौल निकाल्नु पर्दछ।

सामान्यतया बुद्धधर्म हिन्दूधर्मको चर्चा गर्दा अधिकांशले बुद्धधर्म भन्दा हिन्दूधर्म पहिले देखि रहि आएको भनेर भन्ने गर्दछन्। अझ कतिपयले हिन्दूधर्म संसारकै सबभन्दा पुरानो धर्म भनेर पनि भन्ने गर्दछन्। तर अहिले त्यसको विवेचना गर्ने यस लेखको उद्देश्य होइन। हिन्दूधर्मको ऐतिहासिक काल यही बेला देखि हो भनेर किटानी भएको पाइदैन। तर बुद्धधर्मको हकमा शाक्यमुनि बुद्ध पछिको काललाई ऐतिहासिक भनेर मान्ने गरिएको छ। त्यस हिसाबले बुद्धधर्मको इतिहास पच्चिस छब्बिस सय वर्षको मात्र हुन्छ। तर हाम्रै कपिलवस्तु जिल्लाको गोटिहवा र निग्लिहवामा भएका कनकमुनि बुद्ध र ककुछन्द बुद्धको जन्मस्थल अंकित गरेर गाडिएका अशोक स्तम्भहरुले बुद्धधर्मको इतिहास पच्चिस छब्बिस सय वर्ष भन्दा पुरानो भएको बताइरहेका छन्। त्यसको खोज खोज राम्ररी नभएका र प्रचार पनि नगरिएकाले त्यतातिर धेरैको ध्यान गएको छैन। लुम्बिनीको अशोक स्तम्भलाई प्रमाण मान्ने हामीहरुले गोटिहवा र निग्लिहवामा तिनै सम्राट अशोकले गाडेका स्तम्भलाई न्यूनिकृत गरेर उपेक्षा गर्नु भने अन्याय नै हुन्छ। इतिहासकार, पुरातत्ववेत्ता एवं धार्मिक

विद्वानहरुले यस दिशातिर ध्यान दिएर सत्य र तथ्य पत्ता लगाई प्रस्ट्याउनु नितान्त आवश्यक छ ।

धर्मको इतिहासबारे यत्तिसम्म चर्चा गर्दा अर्को एउटा महत्वपूर्ण के पनि ख्याल राख्नु पर्दछ भने कुनै धर्म एकठाउँमा पहिले पुगेको हो भनेर त्यहीबेला त्यही धर्म जतातत‍ै व्याप्त भएको सम्झनु हुँदैन । कुनै ठाउँमा एउटा धर्म पहिले पुगेको हुन्छ भने कुनै ठाउँमा अर्कै धर्म पहिले पुगेको हुन्छ । हिन्दूस्थानको कुनै निश्चित भू-भागमा हिन्दूधर्म पहिले थियो भनेर अन्य देशहरुमा पनि जताततै त्यहि धर्म पहिले पुगेको थियो भन्नु तर्कसंगत देखिदैन । हिन्दू धर्म जापान, चीन, अमेरिका आदिमा पनि पहिले नै पुगेको हुनुपर्दछ भन्नु पुर्वाग्रह हुन्छ । त्यस्तो कुरामा इतिहास खोतल्नै पर्दछ र इतिहासलाई साक्षी राखेर प्रमाणित गर्नु पर्दछ । नेपालको हकमा पनि त्यस्तै किसिमले खोतल्नु आवश्यक छ ।

इतिहासकारहरुले नेपालको ऐतिहासिक काल किरांतकाललाई मान्दछन् । किरांतीहरुको प्रथम राजा यलम्बर हुन् । उनी अनार्य हुन् । अझ प्रस्ट रुपमा भन्नु पर्दा उनी मंगोलियन हुन् । नेपालका आदिवासी जनजातिहरु संपूर्ण प्रायः मंगोलियन कदका छन् । उनीहरुले बोल्ने भाषा भोट-बर्मेली भाषा अन्तर्गतका छन् । उनीहरुको मौलिक संस्कार, संस्कृति आफ्नै किसिमका छन् । रहन सहन बेग्लै छन् । वास्तवमा इतिहासलाई साक्षी राखेर भन्ने हो भने त्यसबेलाको नेपाल अनार्यको देश हो । आर्यनहरु यहाँ धेरै पछि मात्र प्रवेश गरेका हुन् । आर्यहरु नआएको र नभएको ठाउँमा हिन्दूधर्म कसरी आउन सक्छ ? त्यसलाई कसले भित्र्याउने ? यो प्रश्नको कुनै जवाफ छैन । हुनसक्छ, हिन्दूधर्म त्यसबेला हिन्दूस्थानको कुनै भू-भागमा होस्, त्यसमा अन्यथा केहि भन्नु छैन । तर त्यहाँ थियो भनेर नेपालमा पनि हुनुपर्दछ भन्नु तर्क संगत हुँदैन । वास्तवमा किरांत कालमा हिन्दूधर्म नेपालमा प्रवेश भएकै थिएन ।

ऐतिहासिक दृष्टिले बुद्धधर्मलाई हेर्दा हामी के पाउँछौ भने नेपालको किरांत कालमा शाक्यमुनि बुद्धका समकालीन राजाका रुपमा हामी सातौं किरांती राजा जितेदास्तीलाई पाउँछौ । स्वयंभू पुराण लगायतका प्राचीन बौद्ध ग्रन्थहरुमा भगवान बुद्ध काठमाण्डौमा आएर पहिले १३५० जनालाई दीक्षित गरेको र स्वयंभू चैत्य परिक्रमा गरेको उल्लेख छ । भगवान बुद्ध स्वयं काठमाण्डौ आएको कुरा इतिहासले सिद्ध गर्न बाँकी नै छ । तर उनका अनुयायी भिक्षु आनन्द त्यसैबेला नेपालमा आफ्ना नातेदारलाई भेट्न आएको कुरामा इतिहास साक्षी छ । भिक्षु आनन्दले यहाँ बुद्धधर्मको प्रचार गरेका थिए ।

बौद्ध वाङमय अनुसार काठमाण्डौ र त्यसको सेरोफेरोमा मात्र होइन, कपिलवस्तु र देवदह राज्यको उत्तरमा मंगोलियन जातिका राज्यहरु थिए । ती आदिवासीहरुले अन्यत्रका आदिवासीहरुले झैं प्रकृति पूजा गर्दथे । प्रकृतिको रहस्य नबुझेकाले त्यसबेलाका मानिसहरुले प्रकृतिलाई नै सबैथोक सम्झन्थे । उनीहरुले त्यसैबेला पहिलो पटक बुद्धधर्मको रसास्वादन गरे । त्यसअधि उनीहरुले भन्ने गरेका प्रकृति पूजा आदि काल्पनिक थिए, कुनै दर्शन र सिद्धान्तमा आधारित थिएनन् भने बुद्धको शिक्षा र सिद्धान्त वास्तविकतामा आधारित थियो । यति प्रष्ट, सरल र व्यावहारिक धर्म पहिलो पटक पाउँदा उनीहरुले आफ्नो जीवन सार्थक भएको सम्झेका थिए । यस किसिमले हेर्दा भगवान बुद्धकै कालमा नेपालमा आदिवासी जनजातिहरुले बुद्धधर्म ग्रहण गरेको प्रष्ट देखिन्छ । जुन कुरा उनीहरुको संस्कार, संस्कृति, रितिथिती, परंपरा, भेषभूषा लगायतमा केहि न केहि र कुनै न कुनै रुपमा देख्न सकिन्छ । उनीहरुले त्यसरी पहिलो पटक बुद्धधर्म अपनाई बौद्ध भएकाले आज पनि उनीहरुले आफूलाई जन्मजात बौद्ध भन्ने गरेका छन् । यस किसिमले हेर्दा बुद्ध धर्म नै नेपालको पहिलो र पुरानो धर्म हो भन्ने प्रष्ट देखिन्छ ।

भगवान बुद्धको महापरिनिर्वाण भएको २५० वर्ष पछि भारतका सम्राट अशोक यस्तो व्यक्तित्वका रुपमा उदय भयो कि उनले बुद्धधर्मलाई भारत र नेपालमा मात्र होइन कि विश्वव्यापी गरेको सर्व विदित छ । उनले विशिष्ट विद्वानहरुको दश समूह बनाएर धर्मदूतका रुपमा विभिन्न ठाउँमा पठाएका थिए । उनको त्यस्तो दिग्विजय भएको बेलामा उनको दूतको आगमन यति प्रभावशाली रह्यो कि कतिपय राज्य र जनताले नतमस्तक भएर सद्धर्म अपनाएका थिए । ती धर्मदूतहरु मध्ये भिक्षु मध्येम थेरा हिमाली प्रदेशमा धर्म प्रचार

गर्ने क्रममा नेपालमा आएका थिए। उनले जहाँ सद्धर्म फैलिएको थियो, त्यहाँ त्यसलाई अरु संगठित पारे भने धर्म प्रचार नभएको ठाउँमा प्रभावकारी किसिमले धर्म प्रचार गरेका थिए।

त्यसमा पनि भगवान बुद्धको जन्मस्थल नेपाल त यस्तो ठाउँ भयो जहाँ सम्राट अशोक स्वयं दुई दुई पटक आएका थिए। उनी आफ्ना गुरु भिक्षु उपगुप्त साथ लुम्बिनी आएर शाक्यमुनि बुद्धको जन्मस्थल यही हो भन्ने अंकित गरी ढुङ्गाको स्तम्भ गाडे। जसलाई हामी अशोक स्तम्भ भन्ने गर्दछौं। त्यस्तै उनले कपिलवस्तुको गोटिहवा र निग्लिहवामा पनि कनकमुनि बुद्ध र क्रकुछन्द बुद्धको जन्मस्थल अंकित गरी ढुङ्गाका खम्बाहरु गाडे। जुन खम्बाहरु भाँचिएको अवस्थामा आज पनि त्यहाँ रहेका छन्। त्यसैक्रममा स्वयंभूको दर्शन गर्न उनी काठमाण्डौ पनि आएका थिए।

इतिहासको समायोजन गर्दा उनी नेपाल आएको बेला यहाँ १४ औं किराँती राजा स्थुंकोले शासन गरीरहेका थिए। यहाँ त्यसबेला नव पल्लवित बुद्धधर्मले राम्ररी प्रचार पाएको थियो। उनी यहाँको धार्मिक वातावरण देखेर खुशी भए। उनले ललितपुरको पाँच ठाउँमा पाँच वटा चैत्यहरु बनाए। जसलाई अशोक स्तूप भन्ने गरिन्छ र ती स्तूपहरु आज पनि त्यही रहेका छन्। ललितपुरमा उनले विशेष अभिरुचि राखी स्तूपहरु समेत निर्माण गरेकाले त्यसपछि सो ठाउँलाई अशोक पतन भन्ने गरियो।

'सम्राट अशोकले आफ्नी छोरी चारुमतीको बिवाह यहीका राजकुमार देवपाल सँग गरिदिए। चारुमती पनि अत्यन्त धार्मिक स्वभावका थिइन। उनले चारुमती बिहार बनाइन् र पछि उनी ख्यातिप्राप्त भिक्षुणी भइन्। चारुमती कै नामबाट सो ठाउँको नाम चाबहिल रहन गएको हो। उनले आफ्नो पतिको नामबाट एउटा नगर पनि बसालिन्। जसलाई देवपतन भन्ने गरियो। त्यसबेला देखि नेपाल खाल्डोमा धेरै स्तूपहरु र बिहारहरु निर्माण गरिए। सम्राट अशोकको नेपाल आगमन यति प्रभावकारी रहेको थियो कि त्यसबेला कुन राज्य र को व्यक्ति बौद्ध थिएन भनेर खोज्नु पर्ने विषय भएको थियो। त्यसबेला बुद्धधर्मको एउटा लहर नै आएको थियो। यो धर्म जतातत्तै चमत्कारीक रुपले फैलिएको थियो।

लामो इतिहास नकोट्याइ भन्ने हो भने किराँत कालदेखि लिच्छवीकाल सम्म आउँदा बुद्धधर्मको धेरै विकास भैसकेको थियो। त्यसबेला यो धर्म जनजीवनको अभिन्न अंग र जीवनशैली बनि सकेको थियो। बौद्ध चित्रकला, मूर्तिकला, बास्तुकला लगायतका कला कौशल बौद्धमय भएको सर्वविदितै छ। विशुद्ध नेपाली कला भन्नु नै बौद्ध कला हो। त्यतिमात्र होइन, आर्थिक उन्नति राम्रो थियो। त्यसैले नेपालको इतिहासमा लिच्छवी काललाई "स्वर्ण युग" पनि भनिन्छ।

त्यही बेला अंशुवर्माले आफ्नी छोरी भृकुटीलाई तिब्बती राजा स्रोङचङ्ग गम्पो सँग बिवाह गरिदिंदा उनलाई दाइजो स्वरुप बुद्धका र बोधिसत्वका कलात्मक मूर्तिहरु दिएका थिए। यहाँका किशोर अरनिकोले तिब्बत र चीनमा गएर अद्वितीय गुम्बा बनाई नाम कमाएका थिए। विदेशमा गएर नाम कमाउने उनी पहिलो नेपाली हुन्। त्यसबेला बुद्धधर्मको माध्यमबाट नेपालको यश र कीर्ति देश विदेशमा फैलिएको थियो। उनीहरुको त्यही योगदानको कदर गरेर भृकुटी र अरनिकोलाई राष्ट्रिय विभूति घोषित गरिएको छ।

बुद्धधर्म नेपालको सबभन्दा पुरानो धर्म भएको धेरै कुराबाट सिद्ध भएको छ। नेपालमा बुद्धधर्मका जति प्राचीन चैत्य, स्मारक आदि भेटिन्छन्, त्यति पुरानो स्मारकका अवशेष अन्य कुनै धर्मका पनि पाइएको छैन। प्राचीनता नाप्ने मापदण्ड मध्ये इतिहासका अतिरिक्त, पुरातत्व र पुरातात्विक अवशेष र भग्नावशेषहरु हुन्। स्वयंभू चैत्य, ललितपुरका अशोक चैत्य, चारुमती बिहार, बौद्ध, लुम्बिनीको अशोक स्तम्भ, मायादेवीको मन्दिर र त्यो मन्दिर उत्खनन् गर्दा पाइएको मार्कर स्टोन, कपिलवस्तु स्थित गोटिहवा र निग्लिहवामा रहेका अशोक स्तम्भहरु र पुरातात्विक सामग्रीहरु देखि नवलपरासी जिल्लाको रामग्राम स्तूप आदि कम से कम २२०० वर्ष देखि २६०० वर्ष भन्दा पुरानो भएको प्रमाणित भएका छन्।

इतिहासको यति कालखण्डको अध्ययन गरेमा पनि बुद्धधर्म र नेपालको सम्बन्ध के-कस्तो रहेको छ भन्ने प्रष्ट हुन्छ। त्यसबेला आदिवासी जनजातिहरु बौद्ध भएका मात्र होइनन्, बौद्धशास्त्र

पढेर बुद्धधर्मको प्रचार प्रसारमा पनि उनीहरुले योगदान पुऱ्याएका थिए। उनीहरुले किताब लेख्ने र महत्वपूर्ण किताबहरु अनुवाद गर्ने पनि गर्दथे भन्ने कुरा उनीहरुका किताबहरुले देखाएका छन्। आज भन्दा एक हजार वर्ष पहिले गुल्मी निवासी सुवर्णकार रानामगरले र लमजुङ्का गंगा राना मगरले संस्कृत भाषामा सारेका अष्ट साहस्रिका, प्रज्ञा पारमिता बौद्ध ग्रन्थहरु भारतीय विद्वान राहुल सांस्कृत्यायनले तिव्वतको डोर गुम्वामा फेला पारेका कुरा उनले महत्वका साथ उल्लेख गरेका छन्।

गोर्खामा पछिसम्म पनि घले राजा भएको शाहवंशको इतिहासले देखाएको छ। त्यहाँ प्रख्यात "ताघवाई गुम्वा" थियो। त्यो गुम्वाको उल्लेख कर्णाली प्रदेशका राजा रिपु मल्लको जीवनीमा पनि उल्लेख गरिएको छ। उनले आफ्नो १३७८ को ताम्रपत्रमा नेपालसँग लडाइ गर्न आउँदा जाँदा सैनिकहरुले उक्त गुम्वालाई घच्च नलगाउनु भनेर आदेश जारी गरेका थिए। त्यसवाट गुरुङ्गहरुको त्यस गुम्वाको पवित्रता र महत्व के कति थियो भन्ने प्रष्ट हुन्छ। गुरुङ्गहरुले त्यसवेला देखि १५०/२०० वर्ष सम्म पनि वुद्धधर्म प्रति अगाढ श्रद्धा भक्ति राख्ने गरेको इतिहास मा देखिन्छ। गोर्खाका सुकदेव गुरुङ्गले जंगबहादुरले गरेको हिन्दूकरणमा चित्त नवुझाई आफूलाई "नौ सर कार बौद्ध वादशाह" भएको घोषणा गरेका थिए। उनलाई पक्रियो र धेरै यातना खाएपछि जेलमा नै उनको मृत्यु भयो। गोर्खा कै सुपति गुरुङ्गले पनि आफूलाई "बौद्ध वादशाह" घोषणा गरेका थिए। अन्य कतिपय गुरुङ्गहरुले पछि सम्म पनि वाहुन पूज्नमा राजी छैनौ भनेर इन्कार गरेका थिए। यी सबै कुराले आदिवासी जनजाति र वुद्धधर्मको सम्बन्ध के कति मजबुत थियो भन्ने देखाउँछ।

यो सबैलाई थाहा छ कि हिन्दूधर्म वर्णाश्रम धर्ममा आधारित छ। त्यसैले त्यो धर्मलाई वर्णाश्रम धर्म पनि भन्ने गरिन्छ। वर्णाश्रम धर्म अनुसार ब्राम्हणले लेखपढ गर्ने र क्षेत्रीले राजकाज र युद्धगर्ने चलन छ। त्यसवेला यो नियम कडाइका साथ लागु गर्ने गरिन्थ्यो। नेपालमा त्यसवेला वर्णाश्रम धर्म भएको भए न गुल्मीका सुवर्णकार रानामगर र लमजुङ्का गंगा रानामगरले संस्कृत भाषामा अध्ययन गरी बौद्ध ग्रन्थको अनुवाद गर्न पाउँथे, न कि गुरुङ, मगर, तामाङ, किराँत, राई, लिम्बु, नेवार लगायतका आदिवासीहरुले राज्य नै संचालन गर्न पाउँथे। इतिहासमा यहाँका अधिकांश आदिवासी जनजातिहरुद्वारा विभिन्न ठाउँमा विभिन्न राज्य संचालन गरेको कुरा घाम जस्तै प्रष्ट छ। त्यसैबाट पनि प्रष्ट हुन्छ कि त्यसबेला यहाँ हिन्दूधर्मको प्रवेश भएको थिएन।

शुरुमा जे-जति हिन्दू पण्डितहरु यहाँ प्रवेश गरे, उनीहरुलाई धर्म संकट पऱ्यो। यहाँ उनीहरुको धर्मको नाम-निशाना थिएन। ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र भन्ने कुरा यहाँ छँदै थिएन। समाज समानतामा आधारित थियो। यहाँका मानिस चार वर्ण भित्र नै पर्दैनथ्यो। यो सबैलाई थाहा भएको कुरा हो। त्यस्तो समाजमा हिन्दू धर्म थियो भन्नु कपोलकल्पित र मनगढन्ते कुरा हो।

यहाँका रैथाने आदिवासीहरुको त्यस्तो स्थिति देखेपछि कुटिल बौद्धिक व्यक्तित्व भएकाहरुले भेदपूर्ण चाल चले। उनीहरुले एकै जातीय समूहका भएपनि राज्य संचालनमा बसेका एवं ठूलाबडाहरुलाई जनै लगाउन दिएर उनीहरुलाई माथिल्लो तहका भनी घोषणा गरे। त्यस घोषणाले एकातिर आदिवासी समाजमा वर्णाश्रम धर्मको प्रवेश भयो भने अर्को तिर समानतामा आधारित उनीहरुको समाज विभाजित भयो। आज कहिंकतै आदिवासीहरुले जनै लगाउने गरेका त्यही घोषणाको परिणाम हो।

जतिजति हिन्दू धर्मको प्रभाव बढ्दै गयो, उति उति जातीय भेदभाव बढ्दै गयो। जति जातीय भेदभाव बढ्दै गयो, उति आदिवासी जनजातिहरुको एकता चकनाचूर हुँदै गयो। एकता नभएपछि राज्य पनि गुम्यो। धर्म पनि गुम्यो। भाषा, लिपि, संस्कार, संस्कृति लगायतका पहिचान पनि गुम्यो र कालान्तरमा आफूले आफैलाई चिन्न नसक्ने अवस्थामा पुग्नु पऱ्यो। आज अधिकांश जनजाति आदिवासीहरु आफ्नो अस्तित्व र पहिचानका लागि लड्नु परेको छ। आज अधिकांश जनजाति आदिवासीहरु आफ्नो अस्तित्व र पहिचानका लागि लड्नु परेको त्यही कारणले गर्दा पनि हो। नेपालमा बुद्धधर्म राम्ररी रहेको बेलामा

उनीहरुको अवस्था र **"स्टाटस"** र हिन्दूधर्म प्रवेश भएपछिको स्थितिको तुलनात्मक अध्ययन गरियो भने यस्ता धेरै कुरा छर्लङ्ग भएर आउंछन् । यसबाट पनि बुद्धधर्म र हिन्दूधर्म मध्ये नेपालमा कुन धर्म पहिले थियो भन्ने प्रष्ट हुन्छ ।

प्रस्तुत प्रश्नको जवाफ अर्को पक्षबाट पनि खोज्न सकिन्छ । अहिले हामी जसलाई काठमाण्डौ भन्छौ, पहिले त्यसलाई नेपाल भनिन्थ्यो । नेपाल खाल्डो पहिले पानी-पानीले भरिएको दह थियो । त्यो दहमा धेरै नागहरु बस्ने भएकाले त्यसलाई नाग दह भनिन्थ्यो । पानीले भरिएको त्यस दहमा जहाँ मानिसको वसोवास नै थिएन, त्यहाँ कुनै धर्म हुनु संभव पनि थिएन । नेपालको इतिहास अनुसार बोधिसत्व महामञ्जुश्रीले चोभारको गल्छीबाट पानी खोलिदिएपछि त्यो दह उपत्यकामा परिणत भएको हो र मानिस बस्न योग्य भएको हो । बुद्धधर्मका महामञ्जुश्री नै त्यो पहिलो व्यक्ति हो, जसले त्यहाँ बस्ती बसाले । उनले स्वयम्भू पहाड देखि गुहेश्वरी सम्म नगर बसाले र त्यस नगर राज्य संचालन गर्न आफ्ना अनुयायी धर्माकरलाई राजा बनाई जिम्मा दिए । राजाले मञ्जुश्रीले स्थापना गरेको राज्यको नाम नै "मञ्जुपतन" राखे । उनले बौद्ध भिक्षुहरुका लागि बुद्ध विहार निर्माण गरे । मञ्जुपतनवासीहरुले पनि आफ्ना संस्थापक मञ्जुश्रीको नामबाट स्वयंभू डाँडामा मञ्जुश्री चैत्य निर्माण गरे । जुन चैत्यमा आजभोलि पनि-पूजा गर्ने गरिन्छ । मञ्जुश्रीले बस्ती बसाले पछि प्रारम्भमा जुन धर्मको स्थापना भयो, त्यो बुद्ध धर्म हो । त्यसबेला अन्य कुनै धर्मको उपत्यकामा प्रवेश भएको थिएन ।

यस किसिमले सर्सर्ती हेर्दा पनि नेपालको निर्माण सँगै बुद्धधर्मको इतिहास जोडिएको पाइन्छ । नेपालको निर्माणमा बुद्धधर्मको योगदान रहेको छ । बुद्धधर्म र नेपालको सम्वन्धलाई अझ गहन रुपले हेर्ने हो भने त्यो सम्वन्ध उपत्यकाको निर्माण भन्दा पुरानो देखिन्छ । महामञ्जुश्रीले उपत्यकाको निर्माण गरेको चर्चा हामीले गर्‍यौं । तर उनले अकस्मात आएर चोभारको गल्छी खोलेका हैनन् ।

सत्ययुगमा बन्धुमती नगरबाट विपश्वी बुद्ध आएर जामाच्यो पर्वतमा बसी नागदहमा कमलको बीउ रोपे । त्यो कमलको बीउबाट आश्विन पूर्णिमाको दिनमा अलौकिक फूल फूल्यो । जसमा स्वयम्भू ज्योतिरुप उत्पन्न भएको स्वयंभू पुराणमा उल्लेख गरिएको छ । त्यो ज्योतिरुप उत्पन्न भएपछि अरुणपुरीबाट आएका शिखिबुद्धले ध्यान बसेर नागदहमा पछि हुने कुरा बताएर आफू ज्योतिरुपमा अन्तरनिहित भए । उनले ध्यान गरेको ठाउंलाई ध्यानच्यो पर्वत भन्दछं र त्यहाँ मेष संक्रान्तिका दिन मेला लाग्ने गर्दछ ।

त्रेतायुगमा अनुपम नगरबाट आएका विश्वभ्भु बुद्धले एकलाख फूल चढाएर स्वयंभू ज्योति रुपको दर्शन गरे । जुन पर्वतमा बसेर उनले फूल चढाएका थिए, त्यसलाई फूलच्यो पर्वत भनिन्छ । उनैले पहिलो पटक नागदहको पानी बाहिर निकाल्ने उपाय बताएका थिए । पछि मञ्जुश्री आएर उनले बताए अनुसार गरी नागदहको पानी बाहिर निकालेका हुन् । उपरोक्त कुराहरु केही पौराणिक हुन् भने केही ऐतिहासिक हुन् । पौराणिक नै भएपनि त्यस ठाउँको नाम, त्यहाँ पहिले देखि अहिले सम्म पूजा गर्ने मेला लाग्ने समेत गरि एकाले तिनीहरुलाई पौराणिक भनेर पन्छाउने अवस्था छैन । ती सबै जिउँदा प्रमाणका रुपमा अवस्थित छन् ।

बौद्ध इतिहासमा पछि क्षमावती नगरबाट आएका ककुछन्द बुद्धले स्वयंभूको दर्शन गरी उपत्यकामा बुद्धधर्मको व्याख्या गरेको पनि उल्लेख छ । उनले त्यसबेला निसन्तान भएका राजाका उत्तराधिकारीका रुपमा धर्मपाललाई राजा बनाएको र उनको राज्य त्रेतायुगको अन्त सम्म चलेको वर्णन गरिएको छ । त्यसपछि ऐतिहासिक किराँतकाल शुरु हुन्छ । जसको वर्णन माथि भैसकेको छ । यी सबै हेर्दा बुद्धधर्म नै यहाँको सबभन्दा पहिलो र पुरानो धर्मभएको प्रष्ट हुन्छ ।

## विशेष सूचना

धर्म चक्षु बौद्ध मासिकको प्रकाशन केहि महिना रोकिन गएकोमा हामी क्षमा प्रार्थी छौं । व्यवस्थापनमा आएको कमी कमजोरीका कारण त्यसरी रोकिन गएको हो । अबदेखि यसलाई नियमित गर्ने प्रयास जारी रहने छ । आफ्ना समाचार र लेख आदि पठाउनु हुन अनुरोध छ ।

सम्पादक

# बुद्धलाई चिनौं

-उदय बहादुर अमात्य

बुद्धलाई चिनौं हामी बुद्धलाई बुझौं
बुद्धलाई मनभित्र सजाएर राखौं

बुद्ध नै हो महामानव बुद्ध नै हो आदर्श
बुद्ध नै हो हामी सबको शान्ति अग्रदूत

बुद्धले नै हामीलाई दिन्छ मनको शान्ति
बुद्धले नै हामीलाई दिन्छ प्रज्ञा ज्योति

बुद्धले नै हटाउँछ विश्वभरी भ्रान्ति
बुद्धले नै दिलाउँछ युद्धबाट शान्ति

विश्वास गरौं बुद्धलाई शील धर्म पालन गरौं
बुद्धमार्ग पहिल्याई मैत्री भाव छरौं


केही साता देखि अस्वस्थ रहँदै आउनु भएका
भिक्षु सुभद्रको
सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

राज्यश्री स्थापित
सचिव

रूकु शाक्य
अध्यक्ष

बौद्ध उपासिका संघ
धर्मशिला बुद्ध विहार
धर्मशिला मार्ग, नदीपुर पोखरा

# HONEY IN BUDDHISM

*Dr. Ratna Thapa*

Man's finest discovery of his knowledge is procurement of honey collected by bees. The usefulness of honey was known to human beings since the earliest time of Egyptian civilization and the Vedas and the Ramayana. The holy epics have mentioned small flying creatures which collect the sweet juice from flowers. Similarly, an ancient Russian medicinal manuscript states that the honey is the sweet juice from the heaven which the bees collect during a good time from flowers, that's why honey possesses great nourishing and healing properties.

Anything soothing, lovely or dilightful is called honey. For instance, honeymoon. The world honey itself is derived from the Arabic "han" (that's what they call it). The Germans changed it to "hunig". Whatever the name of honey a dictionery defination says it is a sweet sticky fluid made by bees from nectar of flowers. Because of its extremely low moistire contents edible honey has been found in the burial chambers of Pharaohs in the Pyramids of Egypt.

Thailand, the land of smile, is a Buddhist country. During the Fuul Moon Day of the tenth lunar month (September-October) bowls of monks are put on red cloth in rows in front of Buddha's image early morning. The monks' bowls are filled with special alms with honey. There are two legends behind this ceremony.

One day, a Bodhisattva fell sick. He needed honey to make traditional medicines but he could not get it anywhere. Then, he went to a poor villager who had nothing to offer except some honey that he collected from the nearby forest. He decided to offer the honey to Boddhisattva. AS he poured the honey into the latter's bowl, the honey was constantly pouring until it spilled over the Boddhisattva's hand. Then, immiediately, a woman standing next to the villager gave a red cloth to Bodhisattva to wipe the honey away. From this merit the poor man was reborn as Emperor Ashoka of India and the woman helper as his queen. Both played a great role for dissemination of Buddhism.

Another legend is about Thai Honey Festival. In a previous life, Phar Siwali (a monk in the Shakyamuni Buddha's time) took birth as a villager. One day, he saw a pig ripe wild honeycomb. Then he decided to offer it to the monks. He entered into the city with a bee nest. Fortunately, none had ever given honey as alms to monks. At that time the king and his people wanted tooffer excellent alms to the city's monks. Inorder to buy the best alms, people always went first to the main entrance of the city. When teh people saw a bi honey comb, They immediately started offering yhe best price for it. Suddenly the price soared high like a sky rocket. Mean time, the poor villager asked his costomers for the reason of competition. He was told that They wanted to offer it to the local monks. After hearing this he eagarly gave it free of cost to the people. Then the people offered honey as the people. Then the people offered honey as the best alms to the monks. Due to his credit the villager was born as the son of a king of Varanasi. Later, he was ordained as Phar Siwali.

contd.

# २५४८ औं बुद्ध जयन्ति समारोह संपन्न

पोखरा । २५४८ औं बुद्ध जयन्ति मूल समारोह समिति, पोखराद्वारा शाक्यमुनि सिद्धार्थको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवसको उपलक्ष्यमा वैशाख २२ गते आयोजित शान्ति पदयात्रा र प्रवचन कार्यक्रम यहाँ संपन्न भयो । पोखरामा विभिन्न गुम्बा र विहारहरु संयुक्त भै समारोह समिति गठन गरी बुद्ध जयन्ति आयोजना गरिएको यो पहिलो पटक हो । धर्मशिला बुद्ध विहारबाट प्रारम्भ गरिएको शान्ति पदयात्रा बौद्ध अर्घौं सदन पुगी सभामा परिणत भएको थियो ।

सभामा बुद्ध जयन्ति समारोह समिति काठमाण्डौबाट प्रमुख आमन्त्रितका रुपमा आउनु भएका तथा धर्मशिला विद्वत वृत्तिबाट सम्मानित भिक्षु सुशीलले हत्या, हिंसा र आतङ्क फैलिएको आजको विश्वमा वुद्धधर्मको शान्ति, मैत्री, अहिंसा र करुणाको सिद्धान्त अरु आवश्यक भएको उल्लेख गर्नु भयो । उहांले वौद्ध सिद्धान्तलाई व्यवहारमा परिणत गरी देशमा फैलिएको यो स्थिति हटाउन सकिने विश्वास व्यक्त गर्नु भयो ।

अहिंसावादी वौद्ध धर्म संघ दाउन्नेका अनि ज्यो मोहिसे छोज्यालोले सारगर्भित प्रवचन दिदै वौद्धहरुले हत्या, हिंसा र वलिप्रथा त्यागनु पर्नेमा जोड दिनुभयो । उहांले यस पटक आफ्नो संस्थाको करिव ५०० भन्दा वढी उपासक उपासिकाहरु पोखराको यस कार्यक्रममा सहभागी हुन पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

मूल समारोह समितिका सभापति भिक्षु श्रद्धानन्दको सभापतित्वमा भएको समारोहमा पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजू, सनातन धर्म सेवा समिति कास्कीका सभापति रविन्द्र माकाजू, वौद्ध अर्घौं सदनका अध्यक्ष वीर वहादुर गुरुङ्ग लगायतका वक्ताहरुले सो दिनको महत्व वारे प्रकाश पार्नु भएको थियो ।

समारोहमा वौद्ध अर्घौं सदनको हातामा निर्मित तालिम केन्द्रका कोठाहरु आफ्नो तर्फबाट बनाएर सहयोग गरिदिनु भएकोमा सब्त बहादुर शेरचनलाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

कार्यक्रम सचिव उत्तममान बुद्धाचार्यले संचालन गर्नु भएको थियो ।

यस अधि गुम्वा र बिहारहरुले बुद्ध जयन्तिको उपलक्ष्यमा विविध कार्यक्रमहरु संपन्न गरेका थिए । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत विश्वशान्ति स्तूपमा पूजा भएको थियो भने धर्म संघ बुद्ध बिहारमा ध्यान शिविर, युवा बौद्ध संघद्वारा रक्तदान कार्यक्रम, उपासिकाहरु द्वारा कुष्ठरोगीहरुलाई भोजन दान, ज्ञानमाला संघद्वारा ज्ञानमाला र सरसफाई आदि गरिएको थियो । त्यस्तै नेपाल तमु विद्यार्थी छोज धी संयुक्त क्याम्पसले खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

सो कार्यक्रममा चवालिसौं पटक रक्तदान गर्नु भएका ईच्छामान बुद्धाचार्यलाई खादा ओढाई कदर पत्र प्रदान गरिएको थियो । उहाँलाई सो कदर पत्र पोखरा उपमहानगर पालिकाका प्रमुख हर्कवहादुर गुरुङ्गले हस्तान्तरण गर्नु भएको थियो ।

संस्थाका अध्यक्ष युवराज तमुको सभापतित्वमा भएको कार्यक्रममा तमु छोज धीं केन्द्रीय कार्य समितिका महासचिव खड्ग वहादुर तमु, कोषाध्यक्ष विष्णु प्रसाद तमु, रिपोर्टर्स क्लब, कास्कीका अध्यक्ष राजवहादुर गुरुङ्गले बुद्धधर्ममा सेवाको महत्व वारे बोल्नु भएको थियो ।

बुद्ध जयन्तिको उपलक्ष्यमा हेम्जा साहित्य प्रतिष्ठानद्वारा खुल्ला कविता प्रतियोगिताको आयोजना गरिएको थियो । कार्यक्रममा डा. रविलाल अधिकारी, कृष्ण भण्डारी मुमुक्षु, सूर्य खड्का विखर्ची निर्णायक रहेको प्रतियोगितामा यज्ञराज पौडेल, लक्ष्मी देवी गाउँले लगायतका पुरस्कृत भएका थिए । कवि रमेश श्रेष्ठले उहाँहरुलाई पुरस्कार प्रदान गर्नु भएको थियो ।

# वेनीमा बुद्धजयन्ति मनाइयो

वेनी । म्याग्दी जिल्लाको सदरमुकाम वेनीवजारमा विभिन्न वौद्ध संस्थाहरु मिलेर २५४८

श्री गौतम बुद्ध पूर्णिमा तीन दिने कार्यक्रमका साथ भव्य रुपमा मनाइयो । कार्यक्रमको पहिलो दिन २० गते म्याग्दी बौद्ध संघको आयोजनामा मगर महिला बौद्ध सेवा समाजको संयोजकत्वमा म्याग्दी अस्पतालमा मगर महिला बौद्ध सेवा समाजको संयोजकत्वमा म्याग्दी अस्पतालमा रहेको १९ जना बिरामीहरुलाई फलफूल वितरण गरियो । कार्यक्रमको दोश्रो दिन २१ गते म्याग्दी बौद्ध संघको आयोजनामा महिला बौद्ध संघ बेनीको संयोजकत्वमा बुद्ध बिहारमा बुद्धपूजा, धर्मदेशना र रोचक ज्ञानमाला भजन प्रस्तुत गरि मनाइयो । उक्त कार्यक्रममा श्रद्धावान उपासक उपासिकाहरु दिन भर नै हर्ष उल्लासका साथ कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रमको तेश्रो दिन २२ गते मंगलबार म्याग्दी बौद्ध संघको आयोजनामा बिहान शान्ति पदयात्रा आयोजना गरि एको थियो । पदयात्रा पछि बुद्ध बिहार मा पुगी सभामा परिणत भएर मूल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बौद्ध धर्म मान्ने विभिन्न जात जातिहरु र बुद्ध शिक्षामा आस्थावान व्यक्तिहरुको उपस्थिति रहेको थियो । पंचशील र बुद्धपूजा गरि शुरु गरिएको उक्त कार्यक्रममा म्याग्दी बौद्ध संघलाई जग्गा दान गर्नु भई सहयोग गर्नु हुने साथै सो कार्यक्रमका विशिष्ट अथिति श्री पुण्यबहादुर शाक्यज्यूले शान्ति दीप प्रज्वलन गरि कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । म्याग्दी बौद्ध संघका सल्लाहकार सदस्य श्री हरि कृष्ण श्रेष्ठ, ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालयकी ब्रम्हकुमारी इन्द्र, म्याग्दी बौद्ध संघका संस्थापक अध्यक्ष श्री प्रकाश श्रेष्ठ ले वर्तमान देशको परिस्थितिमा बुद्ध शिक्षा धेरै महत्वपूर्ण रहेको बताउनु भयो भने कार्यक्रमको सभापतित्व म्याग्दी बौद्ध संघका अध्यक्ष श्री यजन लाल शाक्यले गर्नु भएको थियो । त्यसै गरि संघका उपाध्यक्ष श्री नरबहादुर थापाले स्वागत मन्तव्य दिनु भएको सो कार्यक्रमको संचालन संघका सचिव राम शाक्यले गर्नु भएको थियो । सोहि दिन दिउँसो २ बजे युवा बौद्ध संघको संयोजकत्वमा बुद्धको प्रतिमालाई रथमा राखी रथयात्राको आयोजना गरि बजार परिक्रमा गरिएको थियो । उक्त कार्यक्रमले सो दिन भगवान गौतम बुद्धको जन्म दिन रहेको सन्देश दिएको थियो । उक्त तीन दिने कार्यक्रम मनाउन विभिन्न संघ संस्था, कम्पनीहरु तथा श्रद्धावान बेनी बजारका दाताहरुले जिन्सी तथा नगद दान गरि सहयोग पुऱ्याउनु भएको थियो ।

## त्रिशुलीमा बुद्ध जयन्ती सम्पन्न

त्रिशुली । शाक्यमुनि सिद्धार्थको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवस यहाँको सुगतपुर बिहार को प्राङ्गणमा भव्य रुपमा संपन्न भयो ।

समारोहमा श्रामणेर प्रजोतोबाट धर्म देशना भएको थियो । आफ्नो धर्मदेशनामा उहाँले बुद्धको शील र सदाचार हामीले अपनाउन सकेमा आजको स्थितिमा धेरै अन्तर आउन सक्ने बताउनु भयो । उहाँले बुद्धको शिक्षा र सिद्धान्तलाई महत्वका साथ लिनुपर्नेमा जोड दिनु भयो ।

जिविसका सभापति झनक प्याकुरेलले भगवान गौतम बुद्धका सन्देश बुद्धकालमा भन्दा अहिले महत्वपूर्ण भएको बताउनु भयो भने प्रजिअ गणेश प्रसाद ढकालले बुद्धले देखाएको बाटोमा लाग्नु पर्नेमा जोड दिनु भयो ।

त्यस्तै विदुर नगर पालिकाका प्रमुख कुलबहादुर खड्गीले भगवान बुद्धको सद्उपदेशको अनुशरण गर्नुपर्नेमा जोड दिनु भयो ।

धर्मोदय त्रिशुली शाखाका अध्यक्ष प्रदिप शाक्यले पञ्चशीलको महत्व बुझेर सो अनुसार चलेमा पनि आजको झै झगडा धेरै कम हुने छ भन्नुभयो । सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्य ले सभापतिको आसनबाट बुद्धधर्मको महत्व बारे व्याख्या गर्नु भयो र वर्तमान अवस्थामा बुद्धधर्मको महत्व अरु बढेको कुरा उल्लेख गर्नु भयो ।

बिहार दायक परिषदका अध्यक्ष रत्नवीर शाक्यले स्वागत भाषण गर्नु भएको सो समारोह सचिव पुरुषोत्तम शाक्यले संचालन गर्नु भएको थियो ।

दिउँसो भगवान बुद्धको प्रतिमा सजाइएको रथ सहित बाजागाजाका साथ शान्ति पदयात्रा गरि एको थियो भने बेलुकी प्रदीपपूजा गरिएको थियो ।

कार्यक्रममा यहाँको सर्वोदय इङ्गलिस बोर्डिङ

म्यूज, त्रिभुवन विश्वको उच्च शाखि [illegible] अध्यक्ष र जिल्लाका वरिष्ठ कर्मचारी र राजनैतिक एवं धार्मिक व्यक्तित्वहरुको सहभागिता थियो ।

यस अघि जिविस सभापति प्याकुरेलले ऐतिहासिक चैत्य स्तम्भको शिलान्यास, प्रजिअ ढकालले बौद्ध भण्डोत्तोलन गर्नु भएको थियो भने थामपोर प्रजाले पञ्चशील प्रदान गर्नु भएको थियो ।

यस अघि बुद्ध पूजा गरिएको थियो ।

## बौद्ध सदन गुम्बाको दोश्रो अधिवेशन

आँबु खैरनी । यहाँको बौद्ध सदन गुम्बाको दोश्रो अधिवेशन तथा चौथो साधारण सभाले जेष्ठ ७ गते गुम्बाको नयाँ कार्य समितिको गठन गरेको छ । नयाँ कार्य समितिमा साबिकका सभापति बमबहादुर गुरुङ पुन सभापतिमा छानिनु भएको छ ।

त्यस्तै कार्य समितिका अन्य पदाधिकारीहरुमा उपसभापति श्री नेपाल सिंह गुरुङ, सचिव कृष्ण गान्तोङ, कोषाध्यक्ष धनबहादुर गुरुङ, सह सचिव श्रीप्रसाद गुरुङ, सह कोषाध्यक्ष श्रीमती तुल्सी गुरुङ र सदस्यहरुमा डोलबहादुर थापा, अमर बहादुर गुरुङ, च्याङबा थकाली, मेघबहादुर गुरुङ र प्रितम बहादुर गुरुङ रहनु भएको छ ।

## ज्ञान ज्योतिको निधन

काठमाण्डौ । ख्यातिप्राप्त व्यापारी तथा अग्रणी बौद्ध उपासक ज्ञान ज्योति कंसाकारको आषाढ ९ गते काठमाण्डौमा ८४ वर्षको उमेरमा निधन भयो । उहाँ केही वर्ष देखि विभिन्न रोगबाट पीडित हुनुहुन्थ्यो ।

दिवंगत कंसाकार अग्रणी दाताका रुपमा सुपरिचित हुनुहुन्थ्यो । उहाँले नेपाल भाषा र बुद्धधर्मको उन्नति र विकासका लागि ठूलो टेवा पुऱ्याउनु भएको थियो । उहाँले नेपाल भाषामा बुद्धधर्मका किताबहरु छापेर प्रकाशन गर्नमा तथा गुम्बा र विहार बनाउन प्रशस्त आर्थिक सहयोग दिनु भएको थियो । शंखमूल स्थित अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माण गराउनमा पनि उहाँले उल्लेख्य सहयोग पुऱ्याउनु भएको थियो ।

२००७ सालमा पहिले भारतको कालिङपोङमा धर्मोदय सभाको स्थापनाको बेलादेखि नै उहाँले आर्थिक सहयोग प्रदान गर्न थाल्नु भएको थियो । तर कहाँ के कति चन्दा दान दिनु भयो भन्ने कुरा उहाँले कहिल्यै बताउन चाहनु भएन । साथै त्यसबापत गरिने सम्मान अभिनन्दन आदि कार्यमा पनि उहाँले कहिले उत्साह देखाउनु भएन ।

त्यस्तै विभिन्न विद्यालय, क्याम्पस र पुस्तकालयका लागि पनि उहाँले उदारतापूर्वक सहयोग गर्नु भएको थियो । विगत ५ दशक देखि उहाँले निरन्तर आर्थिक सहयोग दिदै आउनु भएको थियो । त्यसैले बौद्धहरले उहाँलाई अग्रणी एवं उदारदाताका रुपमा वर्णन गर्दछन् । उहाँको निधनले यस क्षेत्रमा अपूरणीय क्षति भएको छ ।

हामी शोक संतप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं र उहाँको निर्वाण लाभको लागि हार्दिक कामना गर्दछौं ।

## सद्धर्म सभा धर्मसंघ बुद्ध बिहारको वार्षिक उत्सव तथा साधारण सभा सम्पन्न

पोखरा । सद्धर्म सभाको १४ औं वर्ष प्रवेश तथा धर्मसंघ बुद्ध विहारको ४९ वर्ष प्रवेशको उपलक्ष्यमा २०६१ श्रावण ९ गते शनिवार शाक्य समाज भवन नदीपुरमा वार्षिक उत्सव तथा साधारण सभा सम्पन्न भयो । प्रमुख अतिथि समाजका वयोवृद्ध तथा नायो वरिष्ठ सल्लाहकार चन्द्रमान बज्राचार्यज्यूले दीप प्रज्वलन गरि उद्‌घाटन गर्नु भएको सो समारोहमा शाक्य परिवारका ८० वर्ष उमेर नाघी सकेका श्रीमती रत्नदेवी शाक्य र श्री कृष्णबहादुर शाक्यलाई दोसल्ला ओढाई सम्मान गरियो ।

त्यसैगरी २०५९ सालको S.L.C. मा उत्कृष्ट अंक ल्याउने छात्र सनिल शाक्य र छात्रा सुश्री जुना बज्राचार्य तथा २०६० सालको S.L.C. मा उत्कृष्ट अंक ल्याउने छात्रा सुश्री सरिता शाक्य र छात्र अमित गुभाजूलाई "सद्धर्म सभा प्रतिभा पुरस्कार" र अन्य छात्र छात्रा ११ जनालाई "सद्धर्म सभा पुरस्कार"बाट पुरस्कृत गरि सम्मानित गरियो ।

सो अवसरमा पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजु, विन्ध्यवासिनी धार्मिक क्षेत्र सुधार समितिका अध्यक्ष हेमवहादुर प्रधान, धर्मोदय सभा, कास्कीका अध्यक्ष डा. गेहेन्द्रमान उदास पोखरेली, माउन्ट एभरेष्ट वोर्डिङ्ग स्कूलका प्रिन्सीपल डा. विजयराज शर्मा र सम्मानित विद्यार्थीहरुको तर्फबाट सुश्री सरिता शाक्यले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

सद्धर्म सभा धर्म संघ वुद्ध विहारका अध्यक्ष कुलमान वुद्धाचार्यको सभापतित्वमा संचालन भएको सो सम[illegible]हमा उपाध्यक्ष तेजमान वुद्धाचार्यले स्वागत भाषण, [illegible]चिव श्याम शाक्यले वार्षिक प्रगति प्रतिवेदन र कोषा[illegible] पुस्करमान वुद्धाचार्यले आय-व्यय हिसाव को वि[illegible] गर्नु भएको थियो । कार्यक्रमको शुभारम्[illegible]ा वुद्ध विहारका श्रद्धेय भिक्षु श्रद्धानन्[illegible]ान र गुरुजू श्री वुद्धिमान वज्राचा[illegible] भएको थियो भने गायक सुवर्ण [illegible] सहयोगीहरुबाट स्वागत गान प्रस्[illegible] थियो ।

सोही दिन दि[illegible]सो आयोजित दोश्रो कार्यक्रममा नयां कार्य समिति गठन तथा पदस्थापनको कार्यक्रम सम्पन्न भयो । सो अवसरमा कुलामान वुद्धचार्यको अध्यक्षतामा ११ सदस्यीय नयां कार्य समितिको निर्वाचन संपन्न भयो । नव निर्वाचित कार्य समितिका उपाध्यक्षमा तेजमान वुद्धाचार्य, सचिवमा श्याम शाक्य, कोपाध्यक्षमा पुस्करमान वुद्धाचार्य, सह-सचिवमा चिजमान शाक्य रहनु भएको छ भने सदस्यहरुमा शेर [illegible]मान वज्राचार्य, भग्नराज शाक्य, चेतराज शाक्य, इश्वर [illegible]क्य र दर्गामान वुद्धाचार्य रहनु [illegible] गराउन आयुक्त टेक नार[illegible]वमा विनोद शाक्य र चन्द्र[illegible] गुणजर्ज्ञ[illegible] समिति गठन गरिएको थियो । निर्वाचन पछि आयुक्त शाक्यले पदस्थापन गराउनु भएको थियो । पदस्थापन कार्यक्रम पछि सांस्कृतिक कार्यक्रम, पुरस्कार वितरण र रमाइलो चिट्ठा पुरस्कार वितरण गरिएको थियो ।

नव गठित कार्य समितिले सल्लाहकार समिति पनि गठन गरेको छ । सो समितिमा वेदमान गुभाजु, गुरुजू वुद्धिमान वज्राचार्य, गोपालमान वुद्धाचार्य र शुभालाल वज्राचार्य रहनु भएको छ ।

## म्याग्दी बौद्ध संघको तेश्रो महाधिवेशन

वेनी । यहांस्थित म्याग्दी वौद्ध संघको तेश्रो महाधिवेशन श्रावण १६ गते संपन्न भयो । महाधिवेशनले यमलाल शाक्यको अध्यक्षतामा ११ सदश्यीय कार्य समिति गठन गरेको छ । कार्य समितिमा उपाध्यक्ष लक्ष्मण खोरुजा मगर, सचिव श्याम शाक्य, कोपाध्यक्ष कुविर श्रेष्ठ र सहसचिव सुविन श्रेष्ठ छानिनु भएको छ ।

त्यस्तै सदस्यहरमा विष्णु शाक्य, जगनदेवी पुर्जा मगर, दिलकुमारी पुर्जा मगर, हिक्मत शेरचन, राजेन्द्र श्रेष्ठ, दिपेन्द्र श्रेष्ठ रहनु भएको छ ।

सोही अवसरमा महिला वौद्ध संद्धको पनि गठन गरिएको छ । श्रीमती विष्णु शाक्यको अध्यक्षतामा गठित समितिमा उपाध्यक्ष मुनमाया तिलिजा मगर, सचिव सुशीला शाक्य, कोपाध्यक्ष प्रमिला शाक्य, सह सचिव मुना शाक्य र सदश्यहरुमा तकसरा रानामगर , चन्द्र पाइजा मगर, रञ्जिता शेरचन, निर्जला श्रेष्ठ, सुजना भट्टचन, रेणु वज्राचार्य, विना शेरचन रहनु भएको ।

महाधिवेशनले तत्काल एउटा विहार वनाउने निर्णय गरेको छ ।

महाधिवेशनको उद्घाटन दाता पुण्यवहादुर शाक्यले गर्नु भएको थियो भने समारोहमा प्रजिअ ज्ञान प्रंसाद भट्टराई, सल्लाहकार मुक्तिरोका मगर र संस्थापक अध्यक्ष प्रकाश कुमार श्रेष्ठले वर्तमान परिप्रेक्षमा वुद्धधर्मको महत्वमाथि प्रकाश पार्नु भएको थियो ।

संघका अध्यक्ष यजनलाल शाक्यको सभापतित्वमा भएको समारोहमा सचिव श्याम शाक्यले कार्य प्रगति र कोपाध्यक्ष सुव्वा शाक्यले आर्थिक प्रतिवेदन पेश गर्नु भएको थियो ।

## वेनीमा भिक्षाटन

वेनी । यहांको म्याग्दी वौद्ध संघको सहयोगार्थ गत आषाढ २७ गते भिक्षुहरुबाट भिक्षाटन कार्यक्रम

सम्पन्न भयो । भिक्षाटनबाट २६३५५ - रुपैया संकलन गरिएको छ । सो भिक्षाटन कार्यक्रममा भिक्षु सम्यक संबोधि प्राणपुत्र र श्रमणेर त्रिपिटक हुनुहुन्थ्यो । भिक्षाटन पश्चात होटल प्यागडाइज्डको प्राङ्गणमा भएको बुद्ध पूजा कार्यक्रममा भिक्षु प्राणपुत्रले बेनीबजार, तातोपानी र गलेश्वरका श्रद्धावान दाताहरु र भिक्षाटनमा सहयोग पुऱ्याउने उपासक उपासिकाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## भिक्षु सुभद्र अस्वस्थ

पोखरा । धर्मशिला बुद्ध विहारका भिक्षु सुभद्र केही सातादेखि अस्वस्थ हुनुहुन्छ । उहाँ दिसा पिसापको अनियमितताबाट पीडित हुनुहुन्छ । उहाँ १०० वर्षको हुनुहुन्छ ।

उहाँको उपचार फिस्टेल हस्पिटल एण्ड रिसर्च सेण्टर पोखराले निशुल्क गरिरहेको छ । उहाँको उपचार डा. बसन्त ताम्राकार र डा. प्रदीप घिमिरेले गरिरहनु भएको छ । उहाँ धर्मशिला बुद्ध विहारमा हुनुहुन्छ ।

हामी उहाँको स्वास्थ्य लाभको कामना गर्दछौं ।

## युवा बौद्ध संघको पदस्थापन

पोखरा । धर्मशिला बुद्ध विहार स्थित युवा बौद्ध संघको नवौं वार्षिकोत्सव तथा पदस्थापन कार्यक्रम भाद्र १९ गते शाक्य समाज भवनमा संपन्न भयो । शिक्षाविद् जोर्ज जोनको प्रमुख आथित्यमा भएको कार्यक्रममा निर्वाचन उपसमितिको संयोजक उत्तममान बुद्धाचार्यले नवनिर्वाचित अध्यक्ष र पदाधिकारीहरुलाई पदस्थापन गराउनु भएको थियो ।

संघले आयोजना गरेको निशुल्क बाल स्वस्थ्य परीक्षण कार्यक्रममा सहयोग पुऱ्याउनु भएका डा. भाइरत्न शाक्य, डा. यमुना गुबाल तथा भिन्तुना युवा क्लब तेर्सापट्टीलाई बुद्धको मूर्ति उपहार प्रदान गरिएको थियो ।

सो समारोहमा भिक्षु श्रद्धानन्द, पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजेन्द्र लालचन, बौद्ध अर्घौ सदनका अध्यक्ष बीरबहादुर गुरुङ, रक्त संचार केन्द्रका संयोजक हरि बरालले संघको गतिविधि बारेमा आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

संघको अध्यक्ष प्रकाश उदासको सभापतित्वमा संपन्न उक्त कार्यक्रममा सचिव रञ्जन बुद्धाचार्यले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष इन्द्र प्रसाद द्वारा आर्थिक प्रतिवेदन तथा संयोजक भुवन ताम्राकारले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

समारोहमा पदस्थापित हुनु भएका पदाधिकारीहरुमा अध्यक्ष विक्रम बुद्धाचार्य, उपाध्यक्ष रञ्जन बुद्धाचार्य, सचिव भुवन ताम्राकार र कोषाध्यक्ष इन्द्र प्रसाद द्वा र उपसचिव चेतन सिंह ताङ्वे हुनुहुन्छ ।

त्यस्तै कार्य समितिका सदस्यहरुमा सोभित बुद्धाचार्य, सुशन पौडेल, अञ्जली जोशी, पुष्प उदास, सुरज श्रेष्ठ र गीता नेपाली हुनुहुन्छ ।

## धर्मोदय सभाको साधारण सभा

पोखरा । धर्मोदय सभा कास्की शाखाको साधारण सभा भाद्र १९ गते धर्मशिला बुद्ध विहारमा संपन्न भयो ।

शाखाका सभापति डा. गेहेन्द्रमान उदास पोखरेलीको सभापतित्वमा भएको सभामा भिक्षु श्रद्धानन्दले शुभकामना मन्तव्य, कोषाध्यक्ष कृष्णमान गुभाजूले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष कृष्ण बहादुर श्रेष्ठले आय व्ययको विवरण प्रस्तुत गर्नु भएको थियो ।

अस्वस्थ भिक्षु सुभद्रको
सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

गोविन्द ताम्राकार
अध्यक्ष
ज्ञानमाला संघ, धर्मशिला बुद्ध विहार